मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १२० | २०७९ साल फाल्गुन २८ गते आइतबार | Sunday 12, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेश सरकारबाट
# एमालेलाई हटाउने तयारी
### *गठबन्धन दलहरु भन्छन : एमालेसँगको सरकारमा बस्न सक्दैनौ*



मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । राजनीतिमा आएको परिवर्तनको असर संघ सरकार मात्रै होइन मधेश प्रदेश सरकारमा समेत असर पर्ने देखिन्छ ।

राष्ट्रपति निर्वाचनका क्रममा नयाँ गठबन्धन बनेपछि संघीय सरकारमा माओवादी केन्द्र र एमालेको गठबन्धन टुटेर नयाँ गठबन्धन बनेपछि संघीय मन्त्रिपरिषद्मा हेरफेर हुने भएपछि मधेश प्रदेश मन्त्रिपरिषद्लाई एमाले विहिन तयारी भइरहेको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीमा नियुक्त हुँदा एमाले, माओवादीसहितको गठबन्धन थियो भने राष्ट्रपति चुनावका निम्ति काँग्रेस माओवादीसहितको नयाँ १० दलीय बनेको छ ।

संसद्मा तेस्रो दलको रुपमा रहेका नेकपा माओवादीका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को गठबन्धन परिवर्तन र नेपाली कांग्रेसको कोर्ष करेक्सन राजनीतिले देशमा फेरि नयाँ राजनीतिक कोर्स सुरु भएको छ । नयाँ राजनीतिक कोर्षले एमालेसहितको गठबन्धन ६१ दिनमै भत्किएपछि मधेस प्रदेश सरकारमा पनि हलचल मच्चिएको छ ।

केन्द्रमा दोस्रो र प्रदेशमा पहिलो दल रहेको एमालेलाई सरकारबाट हटाउने तयारीमा गठबन्धन दलभित्र तयारी भइसकेको छ । केन्द्रमा भएको सत्ता समीकरणकै आधारमा पुस १० गते मधेस प्रदेशमा जनता समाजवादी पार्टी नेतृत्वको सरकार गठन भएको थियो । केन्द्रमा सिंगो संसद्ले प्रधानमन्त्रीलाई विश्वासको मत दिएजस्तै प्रदेशमा पनि जसपाबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवले पनि अत्यधिक विश्वासको मत पाएका थिए ।

तर एमालेले राष्ट्रपतिमा आफ्नो अडान कायमै राखेकै कारण एमाले-माओवादीसहितको गठबन्धन टुटेपछि मधेश सरकारबाट पनि बाहिरिने अवस्था आइसकेको छ । हुनत एमालेसहितको तत्कालीन गठबन्धनकै सरकार रहेको मधेस प्रदेशबाट भने एमाले नबाहिरिने मुख्यमन्त्री सरोजकुमार यादवले बताउँदै

*- बाँकी पृष्ठ ६ मा*

## सभामुखको पद समेत धरापमा

एमाले–माओवादीको गठबन्धन अनुसार प्रदेश सभामुखमा एमाले कोटाबाट रामचन्द्र मण्डल निर्वाचित भएको थियो । प्रदेशमा एमाले एक्लिएपछि सरकारबाट बाहिरिनुको साथै सभामुख पद पनि त्याग्नु पर्ने अवस्था आउने देखिन्छ ।

सभामुख पदको निर्वाचन हुँदा नेपाली काँग्रेसले सरकारमा सहभागी नभई सभामुख पद नेपाली काँग्रेसलाई दिए सरकारलाई समर्थन जनाउने बताउँदै आएको थियो । तर एमालेसहितका गठबन्धनले नेपाली काँग्रेसलाई सभामुख दिन तयार भएनन् । नेपाली काँग्रेसबाट प्रदेशमा सभामुखमा जंगीलाल राय उम्मेदवार थिए ।

प्रदेशमा सत्ता परिवर्तन भएपछि १० दलीय गठबन्धनसँग स्पष्ट दुई तिहाइ रहेकोले सभामुख हटाउन सक्ने सम्भावना बढेको छ । सरकारमा मन्त्रीहरू फेरबदल भएपछि सभामुखले राजीनामा

*- बाँकी पृष्ठ ६ मा*

# उपराष्ट्रपतिमा ४ जनाको उम्मेदवारी
### *सत्ता गठबन्धनबाटै ३ जना र एमालेबाट एक उम्मेदवार*
### *एक जनामा सहमति गराउने गठबन्धनको प्रयास*



मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । उपराष्ट्रपति पदका लागि सत्ता गठबन्धनबाट तीन र एमालेबाट एक गरी चार जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

चैत ३ गते हुने उपराष्ट्रपति निर्वाचनका लागि शनिबार सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा) नेपालका तर्फबाट रामसहायप्रसाद यादव र प्रमिला यादव सहित दुई जना र जनमत पार्टीबाट ममता झाले उम्मेदवारी दर्ता गराएकी छिन् । त्यसैगरी विपक्षी एमालेका तर्फबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी हुन् ।

अहिले सत्तारुढ गठबन्धन भित्र तीन गुटमा विभाजित भएको छ । सत्ता गठबन्धनका १० दलमध्ये जसपा, कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टीले जसपाका उम्मेदवार रामसहाय यादवलाई समर्थन गरेका छन् भने लोसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले जनमतका उम्मेदवार ममता झालाई समर्थन गरेका छन् । गठबन्धनका नेपाल समाजवादी पार्टी र आम आदमी पार्टी कसैको पक्षमा खुलेको छैन । कांग्रेस र माओवादी केन्द्रले समर्थन उम्मेदवार नै गठबन्धनको उम्मेदवार हुने श्रोतको दाबी छ ।

उपराष्ट्रपतिका उम्मेदवार रामसहाय यादवको प्रस्तावकमा जसपाका अशोककुमार राई, प्रदीप यादव, नेकपा एकीकृत समाजवादी पार्टीका किसान श्रेष्ठ, माओवादी केन्द्रका शक्ति बस्नेत र कांग्रेसका रमेशजंग रायमाझी रहेका छन् । उनको समर्थकमा जसपाका रेखा यादव, अम्बिका काफ्ले, नेकपा (एस)का प्रकाश ज्वाला, खिमलाल देवकोटा र कांग्रेसका भानुभक्त जोशी रहेका छन् ।

त्यस्तै, उपराष्ट्रपतिका अर्का उम्मेदवार ममता झाको प्रस्तावक जनमतका अब्दुल खान, अनिता देवी, नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी, लोसपाका अभिराम शर्मा र रूपाकुमारी यादव रहेका छन् । त्यस्तै, समर्थकमा जनमत पार्टीका गोमा लाभ सापकोटा, विनीता कुमारी सिंह, वसन्तकुमार कुशवाहा, नागरिक उन्मुक्ति पार्टीका रामप्रकाश चौधरी र लोसपाका रानीकुमारी तिवारी रहेका छन् । प्रमिला यादवलाई सत्ता गठबन्धनबाट कांग्रेसले मात्र समर्थन जनाएको छ । प्रमिला यादवको समर्थकमा कांग्रेसका अनिता देवकोटा र सीता गुरुङ बसेका छन् । त्यस्तै जसपाबाट मनिष सुमन र सुशीला श्रेष्ठ समर्थक बसेका छन् । प्रमिला यादवको प्रस्तावकमा जसपाका रन्जु झा, मृगेन्द्र कुमार सिंह यादव, नवलकिशोर शाह, दीपक कार्की, राजकिशोर यादव रहेका छन् ।

सत्ता गठबन्धनले उपराष्ट्रपतिका लागि साझा उम्मेदवार तय

*- बाँकी पृष्ठ ६ मा*

# युवापुस्तामा डिजिटल बैकिङ्गको प्रयोग बढ्दो



विकास अग्रवाल
रौतहट, २७ फागुन । रौतहटको शहरी तथा ग्रामिण भेगमा पछिल्लो समय युवापुस्ताहरुमा डिजिटल बैकिङ्गको प्रयोग बढ्न थालेको छ ।

केही समय अघिसम्म शहरी इलाकामा मात्र सिमित रहेको डिजिटल बैकिङ्ग प्रणाली अहिले नँया युवापुस्ताले ग्रामिण इलाकाहरुमा पनि प्रयोग गर्न थालेका हुन् । विशेषगरी नयाँ पुस्ताको आर्कषण डिजिटल बैकिङ्गतर्फ बढ्दै गर्पछि उनीहरुको जीवनशैली समेत सहज भएको छ ।

शहर बजार तथा ग्रामीण क्षेत्रका युवा पुस्ताहरुले समान्य खरिद बिक्रीका लागि पनि डिजिटल बैंकिङ प्रविधी प्रयोग गर्न थालेको देखिन्छ। युवायुवतीहरुले डिजिटल बैंकिङ प्रणाली प्रयोग गर्न थालेपछि नगद राख्ने चलन हराउँदै गएको छ। दश रुपैयाको समान्य समान खरिद गर्दापनि उपभोक्ताहरुले डिजिटल बैंकिङ प्रयोग गर्दे आएको देखिन्छ।

युवापुस्ताहरुले डिजिटल बैंकिङ प्रयोग सुरु गरेपछि शहर तथा ग्रामीण भेगका पसलहरुले समेत सुविधा दिन थालेका छन् । ग्राहकहरु समान्य समान किन्दा

*- बाँकी पृष्ठ ६ मा*



# राराबमा स्ववियू सभापतिका लागि ६ जनाको उम्मेदवारी




मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिका लागि ६ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि राराबको स्ववियु सभापतिमा लोकतान्त्रिक समाजवादी निकट लोकतान्त्रिक विद्याथी संघ, नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ, ५ दलीय गठबन्धनको संयुक्त विद्यार्थी गठबन्धनको तर्फ जनता समाजवादी पार्टी (जसपा) का समाजवादी विद्यार्थी युनियन, जनमत पार्टीनिकट विद्यार्थी जनमत संघ, स्वतन्त्र विद्यार्थी समूह र राष्ट्रिय विद्यार्थी परिषदले उम्मेदवारी दर्ता गराएका हुन् । लोकतान्त्रिक विद्याथी संघको तर्फबाट प्रशान्त झा, नेपाल विद्यार्थी संघको तर्फबाट मनिषकुमार यादव, ५ दलीय गठबन्धनको संयुक्त विद्यार्थी गठबन्धनको तर्फबाट गौतम यादव, जनमत संघको तर्फबाट इजाज मोमिन, स्वतन्त्र विद्यार्थी समूहबाट कन्हैया कुमार पासवान र राष्ट्रिय विद्यार्थी परिषदबाट अभिशेक साहले सभापति पदमा उम्मेदवारी दर्ता गराएको राराब क्याम्पस स्ववियू निर्वाचन समितिका सदस्य सचिव गुलजार राउतले जानकारी दिएका छन् ।

पांच दलीय संयुक्त विद्यार्थी गठबन्धनमा जनता समाजवादी पार्टी (जसपा), नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी र राप्रपानिकटका विद्यार्थी संगठन छन् । उम्मेदवारी दर्ताका बेला गरिएको शक्ति प्रदर्शन प्रत्येक विद्यार्थी संगठनका आबद्ध दलहरुका नेताहरुको सहभागिता रहेको थियो ।

२१ सदस्यीय स्ववियु कार्यसमितिका लागि कुल ८८ जना उम्मेदवारहरुले उम्मेदवारी दर्ता गराएको राराब क्याम्पस स्ववियू निर्वाचन समितिका सदस्य सचिव गुलजार राउतले जनाएको छ । रारावको स्ववियु कार्यसमितिमा ११ जना प्रत्यक्षबाट र १० जना समानुपातिकबाट निर्वाचित भएर चुनिने छन् । त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गर्न लागिएको हो । निर्वाचनमा विसं २०५१ चैत १८ गते जन्ममिति र सोभन्दा पछि जन्मेका विद्यार्थी उम्मेदवार हुन पाउनेछन् । निर्वाचनका लागि त्रिविले माघ २२ गते नै स्ववियु निर्वाचनसम्बन्धी निर्देशिका पारित गरेको छ । स्ववियुको अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन् ।

प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचन त्रिविमा विगत एक दशकदेखि हुनसकेको छैन । प्रत्येक दुई-दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुनसकेको छैन । २०६५ साल चैत ६ गतेपछि एकैपटक आठ वर्षमा २०७३ चैत १५ गते उपत्यकामा नौ र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र निर्वाचन भएको थियो । अन्य क्याम्पसहरुका उमेर हद विवादका कारणले निर्वाचन हुन सकेको थिएन । बांकी रहेका ती क्याम्पसहरुमा आउँदै चैत ५ गते निर्वाचन हुन गइरहेको छ। निर्वाचन देशभरिका त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ ।

स्ववियु कार्यसमिति दुई सय विद्यार्थी बराबर ११ सदस्यीय कार्यसमिति, दुई सय एकदेखि एक हजारसम्म विद्यार्थी भए १३ जनाको कार्यसमिति, एक हजार एकदेखि तीन हजारसम्म भए १९ जनाको र तीन हजार एकदेखि पाँच हजारसम्म २१ सदस्यीय कार्यसमिति हुने उल्लेख गरिएको छ ।त्रिविमा स्वविय़ु निर्वाचन विसं २०१८/१९ देखि प्रत्यक्ष प्रणालीमा हुँदै आएको थियो । २०३० सालसम्म प्रत्येक वर्ष स्वविय़ु निर्वाचन हुँदै आएकामा वि.सं. २०३६ देखि प्रत्येक दुई-दुई वर्षमा निर्वाचन हुँदै आएको थियो ।

# चुरे अभियानीद्वारा दोश्रो चरणको आन्दोलन घोषणा




मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । गत १६ दिनदेखि अनिश्चितकालिन धर्नामा बसेका चुरे अभियानीहरु सडकमा प्रदर्शन र घेराउ तथा तालाबन्दी सहितका दोश्रो चरणको आन्दोलनको घोषणा गरेका छन् ।

गत फागुन ११ गतेदेखि अनिश्चितकालिन धर्नामा बसेका चुरे तथा वन जंगल संरक्षण अभियानीहरु मधेश प्रदेशका राजधानी जनकपुरधाम स्थित जनक चोकमा धर्नामा बसेका छन् ।

चुरे तथा वन जंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले भने हामी १६ दिनसम्म धर्नामा बसेपनि सम्बन्धित निकायले बेवास्ता गर्दै आएपछि सडकमा प्रदर्शन र मन्त्रालय तथा सरकारी कार्यालय घेराउ र तालाबन्दी लगायतका दोश्रो चरणको आन्दोलनको घोषणा गर्नु परेको बताए ।

उनले विभिन्न चरणमामा हामीले घरवार छोडेर करीब ३ वर्षदेखि चुरे संरक्षण र भूमिहीन दलितहरुको समस्या समाधानका लागि खुल्ला आकाशमुनि आन्दोलन गर्दै आएका छौं । तर राज्य पक्षले सुनेनन् । चुरेलाई कमाईको जरिया र दलितहरुलाई भोट बैंकको रुपमा मात्र प्रयोग गर्दै सत्तामा बसेकाहरुले आफ्नो आन्दोलनलाई बेवास्ता गर्नुले प्रष्ट भएको भने ।

संयोजक यादवले निरन्तर १६ दिन देखि धर्नामा बस्दा पनि तीन वटै सरकारले बेवास्ता गरेको आरोप लगाउंदै भने "अनिश्चितकालिन धर्नालाई यथावत राख्दै अब हुने अर्को आन्दोलन संघ र मधेश प्रदेश सरकारसंग आरपारको हुनेछ ।"

खोला उत्खननको विरोध गर्दा हत्या गरिएका युवा दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने, अवैध क्रसर उद्योगहरुमा तत्काल रोक लगाउनु पर्ने, विगतमा मधेश सरकारले गरेको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्नु पर्ने, भूमिहिन तथा सुकुम्बासीको आवसको व्यवस्था गर्नुपर्ने, वैदेशिक रोजगार सम्बन्धि समस्या हल गर्नु पर्ने लगायत अभियानको माग अघि बढाएको छ ।

# मधेस प्रदेशमा जनता आवासको घर निर्माण कार्य तिव्रता



मधेशदृष्टि
रौतहट,२७ फागुन। मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मंत्रालय अंतर्गत संचालित जनता आवास योजनाको अधुरो घर निर्माण को कार्य तीब्र रुपमा अघि बढिरहेको पाईएको छ।

घर निर्माणको अधुरो र अलपत्र काम यथाशीघ्र समपन्न गराउने उदेश्यका साथ आफुहरु अघि बढेको शहरी विकास तथा भवन कार्यालय पर्साको निमित कार्यालय प्रमुख मदन रायले बताएका छन् ।

आर्थिक बर्ष २०७६ /०७७ देखि सञ्चालन भएको गरीव दलितको लागि आवासको व्यवस्थापन गर्ने योजना जनता आवास कार्यक्रमको निरिक्षण अवलोकन गर्न रौतहटको चन्द्रपुर नगरपालिका वड़ा नम्बर ५ मोतीपुरमा पुगेका निमित कार्यालय प्रमुख रायले संचारकर्मीहरु कुरा गर्दै अधुरो संरचना निर्माण र भुक्तानीको काममा फास्ट ट्र्याकमा अघि बढने योजनाको साथ आफनो टिम अहोरात्र खटिरहेको बताए।

दलित समुदायका व्यक्तिलाई सुरक्षित आवासको व्यवस्था गराउने उदेश्यले नेपाल सरकारले ल्याएका योजना अनुसार रौतहटमा २ हजार ३ सय ५० जनालाइ घर निर्माण गर्ने कार्य बढ़ाइएको जानकारी दिदै रायले छाना हाल्ने कार्य नगरेको घरको कार्य समयमा संपन्न गराउने र रकम भुक्तानी दिनका लागि स्थलगत अनुगमन शुरू गरिएको समेत जानकारि दिए।

चालू आर्थिक बर्षमा ४५० घरको योजना रहेकोमा १३५० घर बितरण गरिएकोमा रकम अपुग भएर भुक्तानी हुन नसकेको बताए।

कार्यालय प्रमुख रायले योजना शुरूआत भएको बर्ष देखि अहिले सम्मको घर को अवस्था निरिक्षण गरी काम अनुसारको भुक्तानी गर्ने बताएका छन् ।

रायले-"रौतहटमा आर्थिक वर्ष २०७६/०७७ मा १ हजार घर र आर्थिक वर्ष ०७७/०७८ मा १३५० गरी जम्मा २ हजार ३ सय ५० घर बाडिएकोमा अहिले सम्म १ हजार ५ सय ३० घर निर्माण गरी सम्वन्धित लाभग्राहीलाइ हस्तानांतरण गरिएको छ बाकि रहेको घरको कार्य अंतिम चरणमा रहेकोले छिटै निर्माण कार्य संपन्न गराई सम्वन्धित घरधनिलाइ जिम्मा लगाउने जानकारी गराए।

चन्द्रपुर नगरपालिका ५ मा ३६ जनाको घर निर्माण गरिएको छ । घर पाए पछि खुशी भएको स्थानीय श्रीपति माझी ले बताइन। उपभोक्ता समितिका अध्यक्ष मंजू माझीका अनुसार गरीवहरुले झुपड़ीमा बस्दै आएकोले जस्ता पताको घर पाए पछि हर्षित भएको छ।

स्थानीय कन्न माझी,उदित माझी , दिनेश माझी ,उमेश माझी ,राजेश माझी ,राजेन्द्र माझी सहित ३६ जनाको घर ३ लाख ३६ हजारको लगतको दरले निर्माण गरिएको प्रमुख रायले जनाए। उपभोक्ता समितीलाई चाहिएको बेला प्राबिधिक सहित स्वयं प्रमुख राय आफै निर्माण स्थलमा पुगेर घर निर्माणमा सहयोग गरे पछि उपभोक्ता समेतलाई ठूलो सहुलियत भएको रबिन्द्र पासवानले बताए।

जनता आवास कार्यक्रम अंतर्गत रौतहटको राजदेवी नगर पालिका ,वड़ा नम्बर १ पथरा , वड़ा नम्बर ६ राजदेवी , गौर नगरपालिका वड़ा नम्बर २ , ईशनाथ नगरपालिका वड़ा नम्बर २ औरैयामा घरहरु अधुरो रहेको कारण बसोबास गर्ने लाभग्राही पीड़ामा रहेका छन।

निमित कार्यालय प्रमुखका अनुसार बारा जिल्लामा १९३९ घर संख्यामा १ हजार ५० घर निर्माण भई हस्तानांतरण भई सकेको र ३२७ घरको कार्य अंतिम चरणमा रहेको छ।पर्सा जिल्लामा १ हजार ७ सय १९ घर संख्यामा १ हजार १ सय ९४ घर निर्माण कार्य संपन्न भइसकेको तथा ७४६ घरको कार्य अंतिम चरणमा रहेको छ।

उहाले केहि घर संख्याको अवस्था अज्ञात रहेकोले खोजी कार्य जारी रहेको समेत बताएका छन।

राजनितिक दलका कार्यकर्तृताले घर निर्माण गराउने जिम्मा लिएर अहिले सम्म घरको निर्माण गर्न नसकेकोले त्यस्ता घरको बारेमा जानकारी लिने कार्य जारी रखेंको समेत रायले बताए।

# नागरिकता विधेयक प्रमाणीकरण गर्न ध्यानाकर्षण



मधेशदृष्टि
काठमाडौ, २७ फागुन । नागरिकताविहीन संघर्ष समिति नेपालले सरकारलाई नागरिकता विधेयक-२०७९ तत्काल प्रमाणीकरणका लागि ध्यानाकर्षण गराएको छ।

शनिबार राजधानीमा संघर्ष समितिले पत्रकार सम्मेलन गरी नागरिकता विधेयक-२०७९ प्रमाणीकरणका लागि नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई ध्यानाकर्षण गराएका हुन्। जन्मको आधारमा नागरिकता पाएका नेपाली आमाबाबुका करिब ११ लाख सन्तानहरु नागरिकताबाट बञ्चित हुनुपरेको संघर्ष समितिको भनाई छ। आमा बाबु नेपाली नागरिक भएर पनि कानुन अभावको कारण आफ्ना सन्तानलाई नागरिकता दिन नसक्ने अवस्था आउनु गम्भीर विषय भएको संघर्ष समितिको बुझाई छ । राष्ट्रपति विद्यादेवी भण्डारीले दुई/दुई पटक नागरिकता विधेयक फिर्ता पठाएको भन्दै संघर्ष समितिले विज्ञप्तिमा भनेको छ- 'प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट दुई/दुईपटक बहुमतले पारित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति कहाँ पठाइसकेको विधेयक निष्क्रिय हुन्छ भनेर २०७२ को संविधान कुनै धारा उपधाराले भन्दैन । तसर्थ हाम्रो देश नेपालकाभावी राष्ट्रपति सम्माननीय रामचन्द्र पौडेल ज्युलाई नागरिकताविद्येयक २०७९ लाई प्रमाणीकरण गरी लाखौं वास्तविक नेपालीनागरिकको जीवनउज्वलबनाई दिनका लागि हार्दिक अनुरोध गर्दछौं ।'नागरिकता विहिन सङ्घर्ष समिति नेपालका अध्यक्ष इन्द्रजित साफीले नेपालको संविधान २०७२ जारी भएको झण्डै आठ वर्ष हुँदा पनि नागरिकता सम्बन्धी विवाद टुंगोमा नपुग्नु दुःखद् भएको बताए। राष्ट्रपति भण्डारीले दुईपटक फिर्ता गरेको सोही नागरिता विधेयकप्रमाणीकरणका लागि उनले नवनिर्वाचित राष्ट्रपति पौडेललाई आग्रह गरे।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुन: सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सरकारी निकायको भय पनि रहला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ। मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। पढाइमा प्रगति नै हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# बाम गठबन्धनको संयुक्त प्यानलको उमेदवारी दर्ता

मधेशदृष्टि
रौतहट, २७ फागुन । सरकारमा नेपाली कांग्रेस, नेकपा माओबादी र नेकपा एकिकृत समाजबादी पार्टी बिच गठबन्धन भएता पनि रौतहटको चन्द्रनिगाहपुरमा रहेको जन ज्योति बहुमुखी क्यामपसमा बाम गठबन्धनको संयुक्त प्यानल बनाएर चुनाब लडने भएका छन् । शनिबार नेकपा एमालेको भातृ संगठन अनेरास्वबियु, नेकपा एसको भातृ संगठन अनेरास्वबियु,नेकपा माओबादीको भातृ संगठन अनेरास्वबियु क्रान्तिकारी र नेपाल जनमत पार्टीको भातृ संगठन बिद्यार्थी जनमत बिच संयुक्त प्यानल बनाएर उमेदवारी दिएका हुन् । नेकपा एसको भातृ संगठन अनेरास्वबियुका नेता राधेश्याम बैठा अदित्यको नेतृत्वमा बाम गठबन्धनका बिद्यार्थी नेताहरुले संयुक्त प्यानलको उमेदवारी दिएको अनेरास्वबियुका पुर्व केन्द्रिय सदस्य देबराज न्यौपानेले जानकारी दिए ।यसैगरी सचिब पदमा एमाले सर्मथित अनेरास्वबियुका दामोदर उप्रेती सफल, कोषाध्यक्षमा अनेरास्वबियु क्रान्तिकारी अन्जना केसीले उमेदवारी दिएका छन् ।



सदस्यहरुमा विश्वास गौतम,अभिषेक कुमार चौधरी, अनिल कुमार पटेल,गौरब सापकोटा,दिक्षा चौधरी,आषिश ठाडा र नबिन कुमार साह कानु रहेको बिद्यार्थी नेता तथा सभापतिका उमेदवार बैठाले जानकारी दिए। अब क्यामपसमा बाम बिद्यार्थीहरुको बिजयलाइ कसैले पनि रोक्न नसक्ने सभापतिका उमेदवार बैठाले बताए। पहिलो स्वबियु निर्वाचनमा पनि बाम बिद्यार्थीहरुले जितेको स्मरण गदै यो निर्वाचनमा पनि बाम गठबनधनका बिद्यार्थीहरुकै बिजयी हुनेमा आफु ढुक्क रहेको उनले बताए । हामीले तल्लो तहबाट पनि बाम एकता अपरिहार्य भएको प्रमाणित गरेर देखाउने सचिबका उमेदवार दामोदर उप्रेती सफलले बताएका छन् ।

यसैबिच स्वतन्त्र विद्यार्थी युनियनको निर्बाचनका लागि नेपाल बिद्यार्थी संघले पनि आफनो उम्मेदबारी दर्ता गराएको छ । त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन चैत ५ गते गर्ने कार्यतालिका सार्बजनिक गरेसंगै आज नेपाल बिद्यार्थी संघले संगम श्रेष्ठको सभापतित्वमा प्रत्यक्ष तर्फ दश जनाको पुरै प्यानल सहितको उम्मेदबारी दर्ता गराएको छ। उम्मेदबारी दर्ता गर्नेमा सचिब पदमा मोहम्मद नौसाद आलम, कोषाध्यक्षमा संगिता कुमारी चौधरी, सदस्यहरुमा क्रमश बिकल कार्की, कृति घिमिरे, शैलेश कुमार पासवान, कसमिर प्रसाद दाहाल, राकेश कुमार साह, बिशाल चौधरी, जय प्रकाश बैठा रहेका छन ।

जनज्योति बहुमुखी क्याम्पस नेबिसंघ ईकाई सभापति भिमराज अधिकारीले निर्बाचन समितिको कार्यतालिका अनुसार उम्मेदबारी दर्ता गराएको बताए । बिद्यार्थीको हकहितमा कार्यगर्दै आईरहेको हुनाले नेबिसंघले स्वबियु निर्बाचनमा बिजयी हुने दाबी गरे ।

# फेडेरेसन रौतहटको अध्यक्षमा जर्गा मगर चयन




मधेशदृष्टि
रौतहट, २७ फागुन । नेकपा एमालेको भातृ संगठन तथा बिदेशबाट आएकाहरुको संगठन रिटर्नी फेडेरेसन नेपाल रौतहटको जिल्ला भेला शनिबार चन्द्रपुरमा सम्पन्न भएको छ ।

चन्द्रपुरको पार्टी कार्यालयमा आयोजित भेलामा नेकपा एमालेका केन्द्रिय सदस्य तथा रौतहट जिल्ला इन्चार्ज उद्धब प्रसाद रेग्मीले बिदेशबाट काम गरेर आएका सम्पुर्ण दाजुभाइहरु अब एक हुनुपर्ने बताए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका रेग्मीले अब रिटर्नी फेडेरेसनमा आबद्ध भएका साथीहरु एकभएर लाग्नुपर्ने दिन आएको जानकारी दिए ।

कार्यक्रममा नेकपा एमाले मधेश प्रदेश कमिटिकी उपसचिब आरती भण्डारी, मधेश प्रदेश सदस्य खडग बम्जन,नेकपा एमाले चन्द्रपुर नगर कमिटिका उपाध्यक्ष राजेन्द्र तिवारी लगायत नेताहरुका उपस्थिती रहेको थियो ।

उक्त जिल्ला भेलाले मिलन जर्गामगरको अध्यक्षतामा १७ सदस्यीय कमिटी गठन भएको छ । कमिटीको उपाध्यक्ष बद्री बहादुर कार्की,सचिव प्रेम बहादुर श्रेष्ठ,सह सचिव शम्भु महतो,धन बहादुर थापा,राजेश खतिवडा,सुरेश लामा,मोहन कार्की,मिन प्रसाद अधिकारी,अलि बकस अन्सारी,जिवन काप्चाकी मगर लगायत रहेको १७ सदस्यीय कार्यसमिति गठन गरेको रिटर्नी फेडेरेसनका केन्द्रिय सदस्य तथा रौतहट जिल्ला इन्चार्ज खेमराज कार्कीले जानकारी दिए ।

समितिमा रौतहटको प्रत्येक पालिकाबाट २ जनाको दरले मनोनित गरी ५१ सदस्यीय समिति बनाउने जिम्मा समितिलाई दिइएको छ । समितिले १८ वटै पालिकामा पालिका कमिटी पूर्ण बनाउन पहल गर्ने इन्चार्ज कार्कीले बताए । तदर्थ समितिका अध्यक्ष मदन चौधरीको अध्यक्षतामा उक्त भेला भएको थियो ।

# आँप व्यवसायीद्वारा मञ्जरी देखेर खरिद बिक्री सुरु



विकास अग्रवाल/आर के श्रीवास्तव
रौतहट, २७ फागुन । आँपको बोटमा फल नलाग्दै रौतहटका व्यवसायीहरुले मञ्जरी देखेरै खरिद बिक्री गर्न सुरु गरेका छन् । कृषकहरुले लगाएको आँपको बगैचामा पुगेर व्यवसायीहरु मञ्जरी देखेरै मौखिम रुपमा खरिद बिक्री गर्न सुरु गरेका हुन् । फलफुलको राजा मानिने आँपको फल नलाग्दै मञ्जरी (फुल/मजुरा) को खरिद बिक्री सुरु भएको कृषकहरु बताउँछन् । आँपको बोटमा लागेको मञ्जरी अनुसार व्यापारीहरुले मुल्य निर्धारण गरेर सिजन भरी देखरेख गर्ने र अन्तिम समयमा आँप बिक्री वितरण गर्ने प्रचलन रहेको छ । रौतहटको विभिन्न स्थानमा रहेका ठुला तथा साना आँपका बगैचाहरुमा व्यापारीहरु पुगेर मोलमलाई गर्दे सिजन अवधी सम्मका लागि बोटहरु किन्ने गरेको स्थानीय कृषकहरु बताउँछन् । रौतहटको कटहरिया नगरपालिका ७ का रामखिलावन यादवले आफ्नो २ बिध्धा क्षेत्रफलमा लगाएको आँपको बगैचालाई डेढ लाख रुपैयामा सिजन अवधीसम्मका लागि आँप व्यवसायीलाई बिक्री गरे । घरमा खाने र रेखदेख गर्ने कोही हुँदैन त्यसैले प्रत्येक सिजनमा आँपको बोटहरु व्यसायीहरुलाई बेच्ने गरेको उनले बताए । बोट देखेर राम्रो पैसा दिनेलाई सिजन अवधीसम्मका लागि बोट बेच्ने गरेको समेत उनले जानकारी दिए । आफ्नो बगैचा हेर्न दर्जनो आँप व्यवसायीहरु आएको उनले बताए । यादवको बगैचामा रहेको करिब ४० वटा भन्दा बढी बोटबाट राम्रो आम्दानी हुने ठोकुवा गर्दे आँप व्यवसायी जोखु महतोले भने राम्रो सँग फल लागे करिब ८० देखि १ लाख सम्म कमाई हुने विश्वास रहेको छ । बगैचाबाट आँप चोरी हुने डरले सिजन अवधीसम्म चौबिसै घण्टा मजदुर राख्ने भएको हुनाले उनीहरुको खानपान र ज्यालादारी कटाएर राम्रो कमाई हुनेमा उनी विश्वस्त देखिन्छन् । आँप व्यवसायीहरुले बगैचा खरिद गरे पश्चात रेखदेख गर्न मजदुर, बोटमा लाग्ने किराको प्रकोपबाट बचाउन किटनाशक औषधी, लगायतका विभिन्न खर्च गरी अन्तिम समयमा आँप बिक्रीबाट हिसाब किताब गर्दा फाइदा नोक्सान बारे थाहा हुन्छ गरुडाका व्यवसायी रविन्द्र पटेलले बताए । जिल्लाको विभिन्न स्थानमा करिब पाँच सय भन्दा बढी आँपका बोटहरु खरिद गरेको बताउँदै पटेलले भने खरिद गरिएको सबै बोटमा मञ्जरी अत्यधिक लागेको छ , यसलाई अहिले देखि नै कीटनाशक औषधि छरेर स्याहार गरेमा राम्रो फल दिन्छ । त्यसैले अहिले नै मञ्जरी देखेर खरिद गरिएको बोटबाट सबै खर्च कटाएर सिजनमा करिब चार लाख रुपैयासम्म कमाई हुने विश्वास लिएको उनले बताए ।

मञ्जरीमा आँपको टिकुला लागेपछि बढी मूल्य तिर्नुपर्ने भएकाले मञ्जरी देखेर सस्तोमा किन्ने गरेको व्यवसायीहरुको भनाई रहेको छ । मञ्जरी किनिसकेपछि फल सपार्न काम हाम्रै जिम्मेवारी हुन्छ, नत्र हामीलाई घाटा लाग्छ गौरका व्यवसायी उमेश यादवले बताए । बगैचा धनीले समयमा राम्ररी हेरचाह तथा स्याहार गर्न नसक्दा मञ्जरीमा किरा लाग्ने, झर्ने गरेको कारण आँप कम फल्ने गरेकोले सबै थोक आफुले नै गर्ने गरेको उनी बताउँछन् ।

मञ्जरी खरिद गरीसकेका व्यवसायीहरुले अहिलेसम्ममा एक पटक सिँचाई गरी कीटनाशक औषधि छरिसकेका छन् । आँप व्यापारीले खरिद गरेको बगैचामा फुसको टहरा निमार्ण गरेर त्यही खाना पकाउने, खाने र सुत्ने गरेका छन् । ठूला बगैचाको रेखदेख स्याहार, हेरचाह, आफैले गर्न नसकिने र मजदुर पनि नपाईने गरेकोले अहिले देखिनै खोजतलाश सुरु गर्ने गरेको अर्का व्यवसायी रामजी कलवारले बताए । जिल्लामा मालदह, बम्बईया, कलकतिया लगायत प्रजातीका आँपको बोटहरु निकै रहेको कृषि ज्ञान केन्द्र रौतहटले जनाएको छ । जिल्लामा उत्पादित आँप देशको विभिन्न शहरहरुमा बिक्रीका लागि जाने गरेको समेत ज्ञान केन्द्रले जनाएको छ ।

# गुट्का उद्योगमा प्रहरीको छापा



मधेशदृष्टि
वीरगंज,२७ फागुन । बीरगन्जको आदर्शनगर स्थित रहेको पिन्कि गुट्का उधोगमा प्रहरीले छापामारी गरेको छ ।

जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सहित जिल्ला प्रहरी कार्यालय पर्साबाट खटेको टोलीले सो उधोगको गोदाममा छापामारी गरी सिलबन्दी गरेको हो । बीरगंज महानगरपालिका आर्दशनगर पछाडि रहेको निरन्जन अग्रवालले संचालन गर्दै आएको उक्त उधोगको गोदाममा बिहिबार बेलुका छापामारी सिलबन्दी गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

च्युगम बनाउने केमिकल आयातमा अग्रवालले राजस्व छली गरेको आंशका प्रहरीले गोदाममा छामामारी गरिएको बुझीएको छ ।[ बषय परिवर्तन गरि गुणस्तरहीन केमिकल आयात गरि चपाउने च्यूगम उत्पादन भइरहेको सुचनाका आधारमा गोदाम सिलबन्दी गरिएको प्रहरीको श्रोतको भनाइ छ। सुचनाको आधारमा छापामारी गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता दिपक गीरीले बताए । अनुसन्धान भईरहेकोले अहिले नै सबै कुरा भन्न नमिल्ने बताउदै उनले आइतबार राजश्व कार्यालय,उधोग बाणिज्य संघ लगायतका प्रतिनिधिहरुको उपस्थितीमा चेकजांच गरिने बताए । यता यस सम्बन्धमा उधोगपति निरन्जन अग्रवालसँग बुझ्न खोज्दा उनी सम्पर्कमा आउन चाहेनन ।

# कुटपिटमा गम्भीर भएका युवकको मृत्यु

मधेशदृष्टि
वीरगंज, २७ फागुन ।
रौतहटमा कुटपिटबाट एक जनाको मृत्यु भएको छ। राजदेवी नगरपालिका-१ पथरा टोलका २५ वर्षीय गजेन्द्र दासको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृतक परिवारका अनुसार बुधबार होलीको दिन स्थानीय गणेश यादवसहितका तीनजनाको समूहले उनलाई कुटपिट गरेका थिए । कुटपिटबाट सख्त घाइते दासको बिहीबार अपराहन्न साढे ४ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार कुटपिटबाट समान्य घाइते भएको लागेर उनलाई उपचारको लागि लगिएन भने प्रहरीलाई जानकारी समेत दिइएन । मृत्यु पश्चात बिहीबार अपराहन्न साढे ४ बजे प्रहरीलाई खबर गरेपछि घटनास्थलको मुचुल्का गरी शवलाई पोस्टमार्टमको लागि लगिएको थियो । पोस्टमार्टम रिपोर्ट आए पश्चात के कति कारणले मृत्यु भएको खुल्नेछ ।

कुटपिटमा संलग्न भएकाहरु फरार भएका छन् ।

उनीहरुको खोजी कार्य जार ीरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# नि:शुल्क शिविरमा चारसयको स्वास्थय परिक्षण

मधेशदृष्टि
वीरगंज, २७ फागुन । जीतपुर सिमरा उपमहानगरपालिका ३ मा भएको निःशुल्क स्वास्थ्य शिविरमा ४ सय जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।

बजनीमा आयोजित शिविरमा स्थानीयको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो ।शिविरमा मधुमेह, रक्तचाप, आँखा, नाक, कान, घाँटी, छाला लगायत विभिन्न स्वास्थ्यसम्बन्धी समस्याको परीक्षण गरिएको थियो । उपमहानगरपालिका र नेपाल आँखा अस्पताल औराहका चिकित्सकले स्थानीयको स्वास्थ्य परीक्षण गरेका हुन् । शिविरमा उपमहानगरपालिकाका



डा. दीपक गिरी, डा. प्रशान्त वर्णवाल सहित नर्स र अन्य स्वास्थ्यकर्मीले स्थानीयको स्वास्थ्य परीक्षण गरेका थिए भने आँखा अस्पतालका चिकित्सकले आँखाको जाँच गरेका थिए । शिविरमा स्थानीयलाई निःशुल्क औषधी समेत वितरण गरिएको वडाध्यक्ष ताराबहादुर कार्कीले जानकारी दिए । उनले असार मसान्तसम्म प्रत्येक महिनाको दुई पटक शिविरको आयोजना गरिने बताए । वडाध्यक्ष कार्कीले आगामी दिनमा वृद्धवृद्धाको स्वास्थ्य जाँचका लागि घरमै स्वास्थ्य सेवा प्रदान गर्ने तयारी रहेको समेत बताए ।

मधेश प्रदेश सरकार
उद्योग, पर्यटन तथा वन मन्त्रालय
**उद्योग विभाग**
**बीरगंज, पर्सा, नेपाल**

## विज्ञ रोष्टरमा नाम दर्ता गराउने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९।११।२८**

प्रस्तुत विषयमा उद्योग विभाग बिरगंज पर्सामा संक्षिप्त बातावरणीय र प्रारम्भिक वातावरणीय परिक्षा प्रतिवेदनको कार्यसूची (TOR) र प्रतिवेदन (Report) सुझाव समिति गठन गर्नुपर्ने भएकोले वातावरण संरक्षण ऐन २०७६ को दफा ७ को उपदफा २ बमोजिमको विज्ञ समितिको रोष्टरमा नाम दर्ताको लागि सम्बन्धित विषयमा स्नातकोतर तथा संक्षिप्त वातावरणीय र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धि काममा अनुभव भएको तपसिल बमोजिमको इच्छुक विषय विज्ञहरुले ७ दिन भित्रमा आवश्यक कागजात सहित यस विभागमा आवेदनका लागि अनुरोध छ । सूचीकृत भएका विज्ञहरुलाई आवश्यकता अनुसार सम्पर्क गरिनेछ ।

**तपसिल**

| क्र.स. | विषय |
|---|---|
| १ | भौतिक विज्ञान |
| २ | रसायन विज्ञान |
| ३ | आर्थिक सामाजिक |
| ४ | जीव विज्ञान |
| ५ | वातावरण विज्ञान |
| ६ | वन विज्ञान |
| ७ | कृषि तथा पशु विज्ञान |
| ८ | इन्जिनियरिङ |
| ९ | धार्मिक सांस्कृतिक |

सम्पादकीय

# महिला सुरक्षामा थपिएको चुनौती

मधेशमा छोरीचेलीको सुरक्षा अरु जटिल बन्दै गइरहेको तथ्यांक सार्वजनिक भएका छन् । शिक्षाको पहुँच विस्तार, चेतना र जागरणमा सक्रियताका लागि पछिल्लो पाँचवर्ष प्रदेश तथा स्थानीय सरकारले उल्लेख्य काम गरेको चर्चा भए पनि मधेशको यही अमिलो खबरले सबैलाई फेरि एकपटक त्रसित पारेको छ कि, देशमै सबैभन्दा बढी महिलामाथि बर्बरता मधेशमै भइरहेको छ । कसरी न्युनिकरण गर्ने भन्ने विषयमा सिंगो सरकारसँगै नागरिक समाज एकपटक फेरि ठण्डा दिमागले घोत्लिन जरुरी भएको छ। नेपाल प्रहरीले हालै सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ, 'पछिल्लो ६७ महिनामा देशभर भएका अपराधको अंकगणितमा मधेश प्रदेशमा मात्रै महिलामाथि भएको अपराधको प्रतिशत २४.८१ छ । अर्थात् देशको राजधानी काठमाडौंमा ठूला अपराधका घटना भएका खबरले मधेशमा भइरहेको आपराधिक कार्यलाई छोपेको, चर्चा कम भएको मात्रै हो, अपराध घटेको होइन-छैन ।

तराई मधेशमा घरेलु हिंसा घटेको छैन । प्रहरीमा पुगेका तथ्यांक मात्रै केलाउँदा यो प्रतिशत ७७.२८ प्रतिशत छ। लुकाइरहनु पर्ने विषय छैन कि, कयौँ घरेलु हिंसाका घटना प्रहरीमा दर्ता हुनै पाउँदैनन् । घरपरिवार, समाज, ठूलाबडा, स्थानीय जनप्रतिनिधि, संघसंस्थाको रोहवरमा गाउाघरमै मिलाइन्छ । यो बाहेक प्रहरीमा पुग्ने तथ्यांक पनि नघट्नुले मधेशी समाजमा हिंसाले प्रश्रय त पाइरहेको छैन ? प्रश्नचिन्ह खडा भएको छ । बलात्कार, बहुविवाह, छुवाछुत, बोक्सीको नाममा ताडनासँगै पछिल्लो समय अपहरण, गर्भपतन, मानव बेचबिखन र अप्राकृतिक मैथुनजस्ता अमानवीय र क्रुर हिंसा पनि देखिएका छन् । जहाँ महिला, छोरी, बुहारी कुनै पनि बेला यस्तो पाशविक बर्बरताको शिकार हुनु पर्ने अवस्था आउँछ र जीवन हत्केलामा राखेर बाँचिरहेको दृश्य बाहिरिएको छ ।

जीवन कठोर दुःखमा बिताइरहँदा कहिलेकहीँ आपराधिक जत्थाले हत्यासम्मका प्रयास गरिरहेका हुन्छन् । हत्याराहरु आफन्त, नातेदार, समाजसेवी, सहयोगीका आवरणमा वरपर नै घुमिरहेका पनि हुन्छन् । समाजले देख्दा उनीहरुले एउटी अबला नारी र उनको परिवारलाई मदत नै गरिरको पनि देखिन सक्छ । झट्ट देखिँदा उनीहरु ती नारीको अबलापनमा बडो समवेदित भएर मानवीयता प्रकट गरिरहेको पनि झल्किन सक्छ । तर बालिकादेखि वृद्धासम्मको हत्या शृंखलामा पनि मधेशको तथ्यांक बडो डरलाग्दो छ । पछिल्लो ५५ महिनामा भएको हत्याको तथ्यांकमा मधेशमा मात्रै २ सय ४५ जनाले ज्यान गुमाएका छन् । तथ्यांकले यो पनि भन्छ कि, हत्याको ११ प्रतिशत हाराहारीमा बालिकाहरुको जीवन हरण भइरहेको छ ।

महिला हत्यामा पछिल्लोपटक जोडिएको पाटो हो यौन । वैदेशिक रोजगारीका कारण श्रीमानश्रीमती टाढा रहँदा अनि अनेक सामाजिक सञ्जालमार्फत नयाँ अनुहारसँग संगत बढिरहँदा जोडिने भेटघाट र भेटघाटमा थपिएको मादक पदार्थ सेवनको वृद्धिले पनि यौनजन्य घटना बढेका छन् । यौनजन्य घटना लुकाउने नाममा हत्या हुने गरेको विषय लुकेको छैन । महिलाले विश्वास गरेका दोस्रो पुरुषबाट पनि असुरक्षा नै भोग्नु पर्छ भने यो घटना बाहिर आएमा पहिलो पुरुष जो जीवनसाथी या प्रेमी हुन्छन्, उनीहरुले पनि हिंसाकै शिकार बनाउँछन् । अझ छलफल गर्नु पर्ने पाटो के हो भने, यस्तो घटनामा जब महिला पीडित हुन्छन्, उनीहरुले आफ्नो पीडा व्यक्त गरिरहँदा समाज तमासे बन्छ, आफन्तहरु नै उनीहरुमाथि जाइलाग्छन् । किन ढाँटिरहने ? यस्ता पीडित महिला आफन्त, परिवारकै सदस्यबाट यौन उत्पीडन खेपिरहेका हुन्छन् । मृत्युपछि मात्र यस्ता घटना बाहिर आउँछ या लुकाइन्छ ।

'बेटी बचाओ' अभियान प्रदेश सरकारको प्रमुख दायित्व हो । तर सरकारी नाराले मात्रै मधेशमा चेतना पुगेको छैन । राजनीतिक दलहरुले आफ्ना आमसभा, कोणसभा, बैठकहरुमा यस्ता घटनाविरुद्ध अभियान चलाउन जरुरी देखिएको छ । सरकारले दलहरु, नागरिक समाजमार्फत हिंसाविरुद्धको अभियानमा हातेमालो गर्न उचित हुन्छ र स्वयम् महिलालाई नै यो अभियानमा उतार्न सकियो भने प्रहरीमा नआइपुगेका कयौँ अपराधहरु बाहिर आउँछन् । दोषीमाथि कारबाही हुन्छ । र, समाज बदल्दै जाने सम्भावना सबैले खोज्नु पर्छ ।

कबीरा खडा बाजार

# हिंसाको राजनीति र न्याय



– चन्द्रकिशोर

२०५२ फागुनमा तत्कालिन नेकपा माओवादीले सशस्त्र संघर्षको थालनी गरेको थियो, यसैले यो दिन नेपाली स्मृतिलाई लामो समयसम्म पछ्याईरहनेछ । यो अवसर पारेर जुन विमर्शहरूको प्रक्षेपण गरिन्छ, त्यसभित्र अतिवादको गन्ध भेटिन्छ । एक पक्षले केवल युध्दको गौरवगान गर्ने , आर्को पक्ष यसमा विध्वंस मात्रै हेर्ने, एउटा दुस्वप्न मान्ने । तर यो सबैले स्वीकार गर्छन , यो यस्तो आली साबित भयो जसले नेपाली समाजको विकास क्रमलाई अगाडि वा पछाडि भनेर छुट्याऊछ । त्यो भनेको संघर्ष शुरू हुनु भन्दा पहिलाको र त्यस उपरांतको नेपाली समाज हो । तसर्थ सशस्त्र विरोधको व्याकरणलाई फराकिलो क्यानभासमा हेर्नु पर्नै हो ।

माओवादी सशस्त्र संघर्ष शुरूआतका दिन "हिंसाको उत्सव"को होईन । यो हाम्रो सामाजिक, सांस्कृतिक, आर्थिक वा राजनीतिक क्षेत्रमा विद्यमान हिंसाको उपस्थितप्रति मंथन गर्ने अवसर हो । हिंसाको समस्यालाई गम्भीरता पूर्वक सोच्ने र त्यसलाई कसरी न्यून गर्दै जाने चिन्ताको क्षण हो । यसलाई यसरी पनि बुझौ परिवर्तनकालागि उठाईएको बन्दूक कुन अवस्थामा, कसरी, कोबाट, कुन क्षेत्रमा उठाईयो ? त्यस संघर्षको अवतरण कसरी भयो ? बन्दुक उठाउनेहरू आफु कति बदलिए ? गन्तब्य निर्धारण गरेको लक्ष्यको कति समिप पुगे? नेपाली समाजको सामन्ति तर सहिष्णु समाजको समुद्रले त्यो ज्वारभाटालाई कसरी आफुभित्र समाहित गरिहाले ? यसपछि राजनीतिमा हिंसाको फुटकर प्रयोगले कसरी निरंतरता पाउदै गयो ? यी प्रश्नहरू इतिहासदेखि बर्तमानसम्मको यात्रा गर्दछ । भूईतहका योध्दाहरूमा के कस्तो परिवर्तन ल्याउने ईच्छा थियो वा प्रत्यक्षरूपमा कुन महान परिवर्तन ल्याउने सोचकासाथ संलग्न भए/ सघाउ पुर्याए ,त्यसको फैलावट कसरी भयो ? यसको विश्लेषणबारे आम नेपालीमा एउटा साझा बुझाई र त्यसकालागि आवश्यक सामाजिक एवं शासकीय प्रबन्ध नभएसम्म हिंसाको पुनरावृति भई राख्छ ।

### राजनीतिमा हिंसाको मुहान

हिंसाको प्रज्वलनले आन्तरिक अनुकूलता पाएको अवस्थामा मात्रै यो वा त्यो बाह्य पक्षले पानी वा पेट्रोल लिएर आऊछन । नेपाली समाजमा उदियमान नव राजनीतिक शक्तिको मूल प्रवृत्ति जहिले पनि हिंसा रह्यो , पृथ्वीनारायणदेखि प्रचण्डसम्म त्यही देखिन्छ । २००७ सालमा नेपाली कांग्रेस, वामपंथीहरूको २०२८ को झापा आन्दोलन जे जुन प्रिय नाराका साथ आए पनि माध्यम हिंसा नै थियो। हिंसाको नेपाली राजनीतिक विकासक्रममा निर्णायक भूमिका रहि आएको छ । अहिले संघीय संसद भित्रको मूख्य ठूला दलको आगत हिंसालाई राजनीतिक निहितार्थका लागि प्रयोग गरेको पृष्ठभूमि हो ।

प्रचण्ड नेतृत्वको माओवादी पार्टीले १२ बूंदें सहमति तत्कालिन सात दलसंग गर्दै मूलधारको राजनीति अपनाएं । जसको उत्कर्ष परिणति बृहत शान्ति समझौता भयो, जतिखेर यो हूदै थियो त्यतिखेर एउटा बृतमा विश्वास थियो अब त राजनीतिक कारणले बन्दूक उठ्दैन होला । तर भयो के ,जयकृष्ण गोईत देखि विप्लव सम्म फेरि उहि गोरेटो समाउन पुगे। अहिले त झन राजनीतिक हिसां होईन, हिंसाको राजनीतिले स्पेश पाउदै गयो । एउटा सभ्य समाजबाट सामान्य तवरमा यो अपेक्षा गरिएको हुन्छ उसको राजनीतिक ब्यवहार पनि सभ्य अर्थात वैधानिक र लोकतांत्रिक होस । सभ्यताको विकासको तात्पर्य मानव समाजमा अहिंसामय आचरणको विकास हो , यो अपेक्षा स्वभाविक पनि हो। अहिंसा र लोकतंत्र एउटै सिक्काको दुई पाटो हो । जब कुनै पक्षद्वारा कुनै मांगकालागि दवाव दिईन्छ त्यतिखेर सत्ताद्वारा , त्यो सत्ता चाहे राजनीतिक होस वा धार्मिक -सांस्कृतिक, उसले सदैव वैधानिकताको दुहाई दिन्छ। प्राय यस्तो वैधानिकताको तात्पर्य विद्यमान यथास्थितिवादी सत्ताको अनुकूलता हुन जान्छ। किनकी सत्ताको रवैयाले नै कसैलाई वैधानिकता दिने मान्य तरिका हुन्छ । एकदिन पहिलासम्म कतिपय माओवादी नेताहरूको टाउकाको मोल तोकिएको थियो रातारात फेरि उनीहरू वार्ता योग्य पात्र भए। संघर्षरत माओवादीहरू जे थिए, थिए रूपांतरण त सरकारी दृष्टिमा आयो ।

यसकारण राजनीतिक आचरणको क्षेत्रमा वैधानिकता तथा लोकतांत्रिक वा अहिंसक आचरण बिचको भेद छुट्याएर हेर्नु पर्ने हुन्छ। कुनै पनि औचित्य पूर्ण दवावलाई अबैध घोषित गर्नु कुनै सरकारको बैधानिक अधिकार हुनसक्छ तर त्यो लोकतांत्रिक नहुन पनि सक्छ । असहमतिको अधिकार लोकतंत्रको मूलभूत गुण हो, कसैलाई पनि आफ्नो धारणा ब्यक्त गर्न बाट रोक्नु हुन्न । कसैको सुनवाई यसकारण सत्ताले नगरोस कि त्यो उसको लागि अनुकूलको धारणा वा अडान छैन। सशस्त्र संघर्षमा जानुपूर्व माओवादीहरूले बुझाएको ज्ञापनमाथि सुनवाई र संवाद भएको भए त्यो भयानक संक्रमण हुदैन्थ्यो कि ? इतिहासको झ्यालबाट चियाउदां यस्तो प्रश्न गर्ने ठांउ छ नि !

### विभेद आफैमा हिंसा

कुनै पनि प्रकारको उत्पीड़न, दमन र शोषण आफैमा हिंसा हो। यसैले सरकार वा सत्ताका अन्य प्रकारहरूले अहिंसक आचरणको आवरणमा शोषण, दमन, विभेद, उत्पिडन गर्छन भने त्यो पनि हिंसा हो । यस्ता सत्ताहरू जब आफ्नो आसनमाथि प्रश्न उठ्न थालेको हेर्छन त्यतिखेर त्यसलाई दवाऊन प्रयोग गरिने हिसांलाई लोकतांत्रिक मान्न सकिदैन । यहीनिर एउटा सनातन प्रश्न खड़ा भएको भेटिन्छ। सामाजिक उत्पीड़न, आर्थिक शोषण र राजनीतिक दमनबाट ग्रसित समाज आफ्नो बचाऊमा हिसांको प्रयोग गर्छन भने त्यो वैधानिक किन हुने ? हिंसा खराव वा असल , यो पक्षले गर्दा ठीक आर्को पक्षले गर्दा बेठिक भन्ने गणितीय सूत्रका आधारमा परिभाषित हुने कुरै होईन । अन्यायका विरूद्ध बन्दुक उठाउनेहरू गलत कि सही भन्न कम जटिल छैन । एउटै उतर दिन गाह्रो छ। फरक फरक परिस्थितिहरूको विश्लेषणमा यसको जवाफ अन्तर्निहित हुन्छ।

तर राजनीतिक प्रश्नहरूको खोजीमा उठाईएको बन्दुक आफै आर्को प्रश्नको अस्तित्व ग्रहण गर्न पुग्छ। बन्दुक चाहे जुन पक्षको हातमा होस त्यसले पहिलो प्रहार विवेक माथि गर्दछ। जहां बन्दुक छ त्यहां थिचोमिचो शुरू भई हाल्छ, अपारदर्शिता, बलमिच्याई, र आन्तरिक विभेदको शुरुआत भैहाल्छ। दुनियाको कुनै कुनामा गरिएको सशस्त्र संघर्षले न्यायलाई मारेको, हिसांको चक्रलाई टेवा दिएको नै भेटिन्छ। भयानक रक्तपात पछि प्राप्त हुने लाशहरूमाथिको उपलब्धि कतिपय अवस्थामा फिका देखिन्छ । हिंसा आफैमा दुष्चक्र हो , यसको आधार घृणा हो। कतिपयबाट सुनिन्छ, महान उद्देश्य प्राप्तिकालागि गरिने हिंसा, हिंसा होईन । डाक्टर र अपराधीको चाकुलाई एउटै श्रेणीमा राख्न सकिदैन। एउटाको मनोभाव आर्काको जीवन लिने हुन्छ त्यसमा करूणा प्रबल हुन्छ, जबकि आर्को पक्षको मनोभाव आक्रामक र क्रोधले भरिएको हुन्छ। केही आधुनिक विचारकहरूको मतमा शोषितमाझको घृणाले त्यसलाई संगठित बनाउछ, र हिंसाले उनीहरूमा आत्मविश्वास निर्माण गर्दछ । तर उनीहरूले हेक्का राख्न नसकेको कुरा के हो भने जुन समुदाय वा क्षेत्रले बन्दूक उठाएको हुन्छ उसैले क्षति बढ़ी बेहोरेको हुन्छ। घृणा र आक्रामकताको मनोभावले उसलाई आफैलाई चिन्न र मानवीय संवेदना आर्जन गर्नमा तगारो हाल्छ।

### हिंसाको परकम्प

यसैले एकपटक हिंसाको गोलचक्करमा प्रवेश गरिसकेको समाज त्यसबाट चांडै मुक्त हूदैन। भूकम्प जस्तो पछि पछिसम्म परकम्प आईरहन्छ । नेपालको नियति पनि यही हुन पुग्यो। पछाडि फर्केर हेर्दा एकै पटक कैयौ प्रश्न इतिहास समक्ष तेर्सिन्छ । तर प्रश्नको कठघराबाट नेपालको बर्तमान र आगत पनि कहां मुक्त छ त ! प्रत्येक समाज संग एउटा आशा हुन्छ, ब्यक्तिमा बदलाव आउछ,एउटा नयां सामाजिक ब्यवस्था अस्तित्वमा आउछ र समाजभित्र रहेका हिंसाका अवशेषहरू समाप्त हुन्छ । तर यसकालागि पहिला आवश्यक छ असहमति र प्रतिरोधहरूलाई खुला स्पेश दिएर आफुभित्र समाहित गर्नु । तर यो पनि बिर्सनु हुदैन कि रचनात्मक प्रतिरोधले सत्तालाई दमन गर्नबाट रोक्छ वा दमन गरे दुनियाले आलोचना गर्दछ । यसकालागि हिंसा, अहिंसा, शान्ति र शिष्ट प्रतिरोध जस्ता विषयहरू बारे सैध्दांतिक र ब्यवहारिक ज्ञान सानै देखि दिईयोस । शांतिपूर्ण विरोधलाई बल प्रयोग गरेर थिच्न खोज्ने कतिपय निर्वाचित सरकार स्वयं हिंसाका जननी हुन त्यसैगरी हिंसाको बाटो समाउन उत्प्रेरित गर्ने नेतृत्वको जब चेत जाग्छ तबसम्म निकै स्वाहा भईसकैको हुन्छ । नेपालको सन्दर्भमा जो जो शक्तिहरू बन्दुक समाउन पुगेका थिए उनीहरूले आफ्नो विगतप्रति आत्मालोचनाको संस्थागत निर्णय गर्नु पर्छ अनि पो प्राप्त हुदै गरेको उपलब्धिप्रति दावि गर्न मिल्छ । जो जहां बाट त्यो त्यसो गर्दैनन तिनीहरू स्वयं उदार राजनीतिको आवरणमा हिंसाका पुजारी हुन भनेर ठोकुवा गर्नु पर्ने हुन्छ। मूलतः कुनै पनि लोकतांत्रिक व्यवस्थामा जब एकपटक हिंसाको उपयोगितालाई स्वीकार गरि हालिन्छ र त्यस ब्यवस्थाको उद्देश्य यो हुदैन कि आर्थिक-सामाजिक तनावहरूलाई कम गरौ तब सत्ताको समानान्तरमा हिंसा कारोवारीहरू सल्बलाउन थाल्छ । प्रतिक्रान्ति यस्तै अवस्थामा हुन्छ ।


### अहिंसाको परिकल्पना

नेपाली समाजमा छोटा छोटा अहिंसक आंदोलनहरू उदाएका छन । सत्तालाई ब्युझाउन अनेकौ रचनात्मक तरीकाहरू छन ।यसमा समय त लाग्छ तर यसले हानी पुर्याउदैन आयुर्वेदिक औषधि जस्तै । आज सरकार वा समाज भित्र हिंसाको जुन अवशेषहरु छ त्यसको मनोविज्ञान बुझ्न जरूरी छ। किनकी हिंसा आफैमा अर्थशास्त्र पनि हो, एक समाजशास्त्र पनि र राजनीति त हुदै हो । पूंजीवादी ब्यवस्थाले हिंसा संग संघर्ष गर्न सक्दैन, किनकी प्रतिद्वन्दिता उसको मूलमा छ र प्रतिद्वन्दिता स्वयं हिंसाको स्रोत हो । परिवारको जुन अहिले बनोट छ यसको जगमा अधिनायक मानस छ । वयको अधिनायक, लिङ्गको अधिनायक, अर्थको अधिनायक, जात/ समुदायको अधिनायक । यो सबै हिंसा हो जो राजनीतिक हिंसा मार्फत परिवर्तनकालागि आधार दिन्छ। आखिर फागुन १ को त्यो पांचजन्य नादले पनि यस्तो सामाजिक ढांचा विकसित गर्न खोजेको थियो जहां जुनसुकै स्तरमा समानता होस ।ब्रेशतको एउटा नाटकमा एउटी युवतीले प्रहरीलाई भन्छिन, "मलाई तिमीसंग डर लागिरहेको छ ।यो देखेर तिमीलाई लाज लाग्दैन "। यस्तो समाज र राज्य बनोस जहां कोही कसैबाट नडरून। यसकारण आज हिंसाको प्रत्येक आयामलाई चिन्न, निफन्न र फाल्न अहिंसक कोशिश गर्नु नै चिरसंदेश हो।

# कमजोर लोकतन्त्र, महिला र भ्रष्टाचार



– रामकुमार आचार्य
पूर्व सचिव, नेपाल सरकार



लोकतन्त्रको स्तर भ्रष्टाचारको स्तरको अनुमान गर्न महत्वपूर्ण हुन्छ। विभिन्न अध्ययनहरूले सवल लोकतन्त्र हुँदा भ्रष्टाचार घटेको देखाएका छन्। भ्रष्टाचार विषयका लेखक इन्स्टे डोमिनिकका अनुसार- लोकतन्त्र जति लामो समयसम्म स्थिर हुन्छ त्यत्ति नै भ्रष्टाचार कम हुन्छ।

कम्तिमा पनि १०२ बढीमा ४५ वर्षसम्म बिना अवरोध स्थिर रहेको लोकतन्त्रमा भ्रष्टाचार घटेको पाइएको छ। त्यसैगरी लोकतन्त्रका प्रारम्भिक वर्षहरूमा भ्रष्टाचार बढ्ने र ४ देखि १५ वर्षमा क्रमशः घट्दै जाने हुन्छ। उनी भन्छन्- सार्वजनिक अधिकारीसँग सम्पर्क बढाएर भ्रष्टाचार गर्न तम्सिने निजी क्षेत्रलाई नियन्त्रण गर्ने उपायहरू नवोदित लोकतन्त्रमा अभाव हुन्छ। जब लोकतन्त्र स्थिर बन्छ तब स्वतन्त्र बजारको प्रवेश पनि सहज हुँदैजान्छ र प्रतिस्पर्धा बढ्न गई भ्रष्टाचार गर्ने अवसर कम हुँदै जान्छ। समयक्रममा अनुगमन गर्ने संस्थाहरू पनि सवल हुँदै जान्छन्। भाडा खोजाइ प्रवृत्तिका जोखिम पनि बढ्छन्। सारमा भन्नुपर्दा लोकतान्त्रिक संस्थाहरू पूर्णत कामयाब भए भने लोकतन्त्रले भ्रष्टाचार घटाउँछ भने कमजोर लोकतन्त्रले बढाउँछ। सन १९८० देखि २००७ सम्मका १२६ देशका तथ्याङ्कहरू विश्लेषण गरी गरिएको एउटा अध्ययनले लोकतान्त्रीकरण र आमसञ्चारको स्वतन्त्रताले भ्रष्टाचारलाई नकारात्मक प्रभाव पार्ने देखाएको छ।

महिला र भ्रष्टाचार

महिला र भ्रष्टाचारका बिचमा कस्तो सम्बन्ध हुन्छ भन्ने बारेमा विभिन्न अध्ययन भएका छन्। ती अध्ययनका निचोड भने फरक फरक छन्। महिलाहरू पुरुषभन्दा विश्वासलायक, उच्च नैतिक व्यवहार भएका, सार्वजनिक दायित्वप्रति उत्साही (उगदष्अि-कउष्चषत्तभम) तथा आम हितका लागि बढी चासो राख्ने हुन्छन् भन्ने विभिन्न अध्ययनका निचोडलाई आधार मानेर डेभिड डोल्लर समेतले इमान्दार सरकारलाई प्रवर्द्धन गर्न महिलाहरू प्रभावकारी हुन्छन् कि हुँदैनन् भनेर परीक्षण गरेका छन् । उनीहरूले सकारात्मक निष्कर्ष निकाल्दै संसद्मा र सरकारमा महिला प्रतिनिधित्व बढ्दा भ्रष्टाचार घट्छ भन्ने पाएका थिए।

फ्रेडेरिक बोहेमले युफोर संस्थाका लागि लेखेको लेखमा महिला र भ्रष्टाचारका सम्बन्धमा गरिएका विभिन्न अध्ययनको उल्लेख गरेका छन्। उनका अनुसार उक्त अध्ययनहरूको संक्षेपमा भ्रष्टाचारलाई हेर्न दृष्टिकोण घुस खाने र दिने सम्बन्धमा निम्नानुसारका लैंडिक फरक पाइएको छ।

- भ्रष्ट आचारणप्रति महिलाहरूको सहनशीलता कम हुन्छ तर यो तथ्य लोकतान्त्रिक प्रणालीमा मात्र सत्य हुन्छ एकतन्त्रीय शासन प्रणाली र भ्रष्टाचार आमस्तरमा स्वीकार गरिने समाजमा सत्य हुन सक्दैन।
- घुस खानेबारे केही प्रासङ्कि विषयमा प्रतिक्रिया अपवादबाहेक पुरुष र महिलाका बिचमा कुनै महत्वपूर्ण भिन्नता हुँदैन । महिलाहरू अलि बढी अवसरवादी हुन्छन्। उनीहरू पुरु लिन सक्छन् तर बदलामा भ्रष्ट अनुग्रह (अयचचगउत ाबखयगच) नदिन अर्थात् घुस खुवाउनेले अपेक्षा गरेको काम नगरिदिन सक्छन्।
- अनुभूत गरिएको दण्डभारको जोखिम भयो भने महिलाहरूले पुरुषको तुलनामा घुस लिने सम्भावना कम हुन्छ।
- पुरुषहरूले घुस दिने सम्भावना बढी हुन्छ।
- पुरुषहरूले दिने घुसको रकम बढी हुन्छ।
- महिला र पुरुष दुबैले महिलालाई भन्दा पुरूषलाई बढी घुस दिन्छन् ।

केही अध्ययनले उपरोक्त प्रकारका निष्कर्ष निकालेका भए पनि धेरैजसो अध्ययनले महिलाहरू अन्तस्करणबाटै पुरुष भन्दा कम भ्रष्ट हुन्छन् भन्ने कुनै प्रमाण नभएको बताएका छन् ।

चन्दनकुमार झासमेतका अनुसार रोजगार क्षेत्र क्लेरिकल र उपल्लो तथा निर्णायक पदमा महिलाहरूको प्रतिनिधित्व बढ्दैमा भ्रष्टाचार घट्नमा उल्लेख्य प्रभाव पर्दैन। बरू महिलाहरूले पुरूष सरहको समान हैसियत पाउन सके भने भ्रष्टाचार न्युनीकरणमा योगदान पुग्न सक्छ। राज्य प्रणालीमा महिला प्रतिनिधित्वलाई उदार लोकतन्त्रका संस्थाहरूले भरथेग नगरे भ्रष्टाचार नियन्त्रण हुन सक्दैन।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# विश्व व्यापार सङ्गठनबाट सुविधा पाउन नेपालले पहल गर्ने

काठमाडौँ, २७ फागुन
सन् २०२६ सम्ममा अतिकम विकसित मुलुक (एलडिसी)बाट स्तरोन्नति भइसक्ने लक्ष्य राखेको नेपालले त्यसपछि पनि विश्व व्यापार सङ्गठन (डब्ल्युटिओ) मार्फत पाइरहेका सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको छ । अतिकम विकसित मुलुकका रुपमा हाल पाइरहेका सुविधा स्तरोन्नतिपछि हट्ने भए पनि ती सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको हो ।

स्तरोन्नतिपछि गुमाउने व्यापारलगायत क्षेत्रका सुविधाको निरन्तरताका लागि पहल गरिने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिए । कतारको दोहामा यही मार्च ४ देखि ९ सम्म चलेको 'अतिकम विकसित राष्ट्रहरुको पाँचौँ शिखर सम्मेलन'मा पनि नेपालले उक्त विषय उठाएको उनको भनाइ छ । सम्मेलनमा नेपालले अतिकम विकसित मुलुकको अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेको मरासिनीले बताए । विश्व व्यापार सङ्गठनले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका क्षेत्रमा दिइदै आएको सहुलियत स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि बन्द हुनेछन् । जसकारण नेपालको निर्यात घट्ने अनुमान गरिएको छ । अहिले पाइरहेका सुविधाको निरन्तरतासँगै आफ्नो व्यापार नीति पनि परिवर्तन गर्दै लैजानुपर्ने सचिव मरासिनीको भनाइ छ। "स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेका विशेष सुविधा गुम्छन् । पाइरहेका सुविधाहरु एकैचोटि हटाउनुभन्दा बिस्तार-बिस्तारै हटाउँदै जाने




र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौँ", सचिव मरासिनीले भने । यस्ता सुविधा जोगाइराख्न नेपालले अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्नु आवश्यक रहेको उनको भनाइ छ ।

"स्तरोन्नतिपछि नेपालको व्यापार नीति कस्तो हुने भन्ने स्पष्टतासँगै नयाँ वस्तुको उत्पादन र बजारीकरणमा केन्द्रित हुनुपर्छ । तुलनात्मक लाभ रहेका वस्तु पहिचान, त्यसको उत्पादन र बजारीकरणका लागि अहिले नेपाललाई अवसर पनि छ", उनले बताए ।डब्ल्युटिओअन्तर्गत अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपणअनुसार अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको हालको निर्यात ४ दशमलव ५ प्रतिशतसम्म घट्नसक्ने देखिएको मरासिनीले जानकारी दिनुभयो । उहाँका अनुसार दिगो स्तरोन्नतिका लागि अझ बढी मेहनत गर्नुपर्नेछ ।"स्तरोन्नतिपछि पनि अहिले पाइरहेका सुविधालाई कसरी निरन्तरता गर्ने भनेर पहल गर्नु आवश्यक छ । त्यसका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति र प्रस्तुति बलियो बनाउनुका साथै सरोकारवाला क्षेत्रका जानकारहरुको समूह बनाएर काम गर्न जरुरी छ", उनले भने । आगामी दुई-तीन वर्ष नेपालले यस विषयमा बढी तयारी गर्नुपर्ने मरासिनीको भनाइ छ । डब्ल्युटिओका सदस्य राष्ट्रसँगको व्यापारमा अतिकम विकसित मुलुकले 'स्पेसल एन्ड डिफ्रेन्सियल ट्रिटमेन्ट' को सुविधा पाउँछन् । साथै यस्ता मुलुकका लागि न्यून भन्सार दर कायम गरिएको हुन्छ । यस्ता सुविधामा अलैँची, पस्मिना, गलैँचा, धागोलगायतका वस्तु निर्यात गर्दा नेपालले 'ड्युटी फ्री' सुविधा पाउँछ । त्यस्तै, बौद्धिक सम्पत्तितर्फ प्याटेन्ट, डिजाइन, ट्रेडमार्कलगायतमा केही सुविधा पाइन्छ । स्तरोन्नतिपछि नेपालको औषधि (फर्मास्युटिकल) क्षेत्र बढी प्रभावित हुने देखिएको छ । औषधि उत्पादकले विदेशी कम्पनीको फर्मुला प्रयोग गरेर औषधि उत्पादन गरिरहेकामा त्यस्तो सुविधामा कडाइ हुनसक्ने जानकार बताउँछन् ।

सन् १९७१ देखि संयुक्त राष्ट्र सङ्घको अतिकम विकसित मुलुकको सूचीमा नेपाल रहेको छ । सन् २०२१ नोभेम्बर २४ मा राष्ट्रसङ्घको ७६औँ महासभा (जेनेरल एसेम्ब्ली) ले तीन एसियाली मुलुक नेपाल, बङ्गलादेश र लाओसलाई अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो । यी देशले स्तरोन्नतिका लागि पाँच वर्षको तयारी अवधि पाएका छन् । जसअनुसार नेपालले पनि सन् २०२६ सम्ममा अतिकम विकसित राष्ट्रहरुको सूचीबाट स्तरोन्नति हुने लक्ष्य राखेको छ । स्तरोन्नतिका लागि तीनवटा सूचक पूरा गर्नुपर्ने हुन्छ । नेपालले मानव पूँजी सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (इभिआई) मा संयुक्त राष्ट्रसङ्घको थ्रेसहोल्ड पास गरिसकेको छ । मानव पूँजी सूचकाङ्कका लागि ६६ भन्दा बढी अङ्क रहनुपर्नेमा नेपालको ७१ दशमलव २ अङ्क छ । त्यस्तै आर्थिक तथा वातावरणीय जोखिम ३२ अङ्कभन्दा कम हुनुपर्नेमा २८ दशमलव ४ अङ्क रहेको छ भने प्रतिव्यक्ति आय एक हजार दुई सय २२ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार तीन सय ८१ अमेरिकी डलर रहेको छ ।रासस

# संरक्षण गरिएका गिद्ध प्रकृतिमा छाडिए



मध्यविन्दु, २७ फागुन
गत कात्तिक १७ गते चितवन राष्ट्रिय निकुञ्जबाट नवलपरासी (बर्दघाट सुस्तापूर्व)को जटायु रेस्टुरेन्टको खोरमा ल्याएर राखिएका १० गिद्धलाई आज प्रकृतिमा छाडिएको छ।

चितवन राष्ट्रिय निकुञ्ज कसरामा रहेको गिद्ध प्रजनन केन्द्रमा हुर्काइएका र त्यस केन्द्रमा जन्मिएका विश्वकै दुर्लभ डङ्गर प्रजातिका गिद्धहरुलाई नमूना मध्यवर्ती सामुदायिक वनमा अवस्थित जटायु रेस्टुरेण्ट क्षेत्रबाट छाडिएको हो ।

गण्डकी प्रदेशसभा सदस्य महेन्द्रध्वज जिसी, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यलगायत संरक्षण क्षेत्रमा लागेका दातृ निकायका प्रतिनिधि र संरक्षणकर्मीको उपस्थितिमा ती गिद्ध प्रकृतिमा छाडिएको हो । अति सङ्कटापन्न अवस्थामा रहेको डङ्गर जातको गिद्धको स–या बढाउनका लागि सरकारले विभिन्न कार्यक्रम गर्दै आएको छ । शनिवार छाडिएकासहित कसराको गिद्ध प्रजनन केन्द्रमा हुर्काइएका ६९ गिद्धलाई अहिलेसम्म जङ्गलमा छाडिसकिएको छ।

जङ्गलमा छाडिएका गिद्धको गणना गर्न ढाड र खुट्टामा सेटलाइट ट्याग लगाएर छाडिएको संरक्षणविज्ञ डिवी चौधरीले बताए । "खुट्टामा नम्बर ट्याग र ढाडमा सेटलाइट ट्याग लगाइएको छ", उनले भने , "यहाँबाट छाडिएका गिद्ध कहाँ र कुन अवस्थामा छन् दैनिक मनिटरिङ गरिन्छ ।"लोपोन्मुख गिद्धको संरक्षण गरेर संख्या बढाउन भन्दै विसं २०६३ भदौमा कावासोतीको पिठौलीस्थित सामुदायिक वनमा गिद्ध रेस्टुरेन्ट सुरु गरिएको हो । त्यो रेस्टुरेन्टमा बुढ्यौली लागेका चौपाया आहारा दिएर गिद्धलाई लोभ्याइन्छ । नेपालबाट सुरु गरिएको गिद्ध प्रजनन केन्द्र र जटायु रेस्टुरेन्ट प्रोजेक्ट संसारमै सफल मानिएको छ । नेपालमा अहिलेसम्म ६९ वटा गिद्ध प्रजनन केन्द्रमा हुर्काएर जङ्गलमा छाडिएको छ ।

जङ्गली ४० गिद्ध समातेर सेटलाइट ट्याग लगाएर जङ्गलमै छाडिएको छ । लोपोन्मुख गिद्ध संरक्षणको अभियानस्वरुप नेपालमा हाल नौ प्रजातिका गिद्ध पाइन्छ । नेपालमा पाइने गिद्धमध्ये जटायु रेष्टुरेन्ट पिठौलीमा आठ प्रजातिको गिद्धको बासस्थान रहेको छ । नेपालभर करिब १५ हजारको संख्यामा गिद्ध रहेको अनुमान गरिन्छ ।रासस

# नेपालले २० खर्ब ७० अर्ब ऋण तिर्न बाँकी

काठमाडौँ, २७ फागुन
चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको सार्वजनिक ऋण रू २० खर्ब ७० अर्ब ५३ करोड ६३ लाख पुगेको छ। गत पुस मसान्तसम्म नेपालले रू ११ खर्ब दुई अर्ब ५१ करोड बाह्य ऋण र रू नौ खर्ब ६८ अर्ब एक करोड आन्तरिक ऋण तिर्न बाँकी रहेको देखिएको हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक अवधिको सार्वजनिक ऋण प्रतिवेदनअनुसार चालु आवको छ महिनाको अवधिमा रू ५७ अर्ब २४ करोड ऋण थपिएको छ। गत असार मसान्तसम्म कूल सार्वजनिक ऋण रू २० खर्ब १३ अर्ब थियो। जसमध्ये बाह्य ऋण रू १० खर्ब ५० अर्ब २३ करोड र आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर थियो । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्ममा रू ७६ अर्ब ६६ करोड ९९ लाख बाह्य ऋण थपिएको छ । आन्तरिक ऋण भने गत असारको तुलनामा पुसमा रू १९ अर्ब ४३ करोडले घटेको छ।

नेपालको कूल गार्हस्थ्य उत्पादन ९जीडीपी० को तुलनामा सार्वजनिक ऋणको अनुपात ४२ दशमलव ६७ प्रतिशत बराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । अहिले कूल गार्हस्थ्य उत्पादन रू ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ।




जिडिपी अनुपातमा आन्तरिक ऋण १९ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव ७२ प्रतिशत रहेको कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।चालु आवको पुस मसान्तसम्म नेपालले रू ४७ अर्ब २७ करोड बराबर ऋण उठाएको छ। जसमध्ये रू ३० अर्ब आन्तरिक र रू १७ अर्ब २७ करोड बाह्य ऋण उठाएको हो । यही अवधिमा रू ४५ अर्ब ६१ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ । पुस मसान्तसम्म सरकारले भुक्तानी गरेको साँवा रू २८ अर्ब ३० करोड र ब्याज रू १७ अर्ब ३१ करोड बराबर छ।

यो अवधिमा आन्तरिक ऋणको साँवा रू १९ अर्ब ५९ करोड २५ लाख र ब्याज रू १५ अर्ब ६५ करोड ९६ लाख गरी कूल रू ३५ अर्ब २५ करोड भुक्तानी भएको छ भने बाह्य ऋणको साँवा रू आठ अर्ब ७१ करोड र ब्याज रू एक अर्ब ६५ करोड गरी रू १० अर्ब ३६ करोड भुक्तानी भएको छ। कूल साँवा ब्याज भुक्तानीमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी ७७ दशमलव २८ प्रतिशत र बाह्य ऋणको साँवा ब्याज भुक्तानी २२ दशमलव ७२ प्रतिशत बराबर छ। रासस

# चैते धान खेती विस्तार गरिँदै



टीकापुर, २७ फागुन
कैलालीमा यस वर्ष एक हजार एक सय हेक्टरमा चैते धान खेती विस्तार हुँदैछ। कृषि ज्ञान केन्द्र कैलाली, स्थानीय सरकार र रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषितर्फको सहयोग तथा किसानको आफ्नै पहलमा उक्त क्षेत्रफलमा चैते धान खेती गर्न थालिएको हो ।

कृषि ज्ञान केन्द्र कैलालीको अनुदान सहयोगमा विभिन्न २२ वटा कृषक, कृषि सहकारी र समूह गरी मुख्यमन्त्री नमूना कृषि गाउँ, ब्लक प्रर्दशन, धानबाली प्रवर्द्धन र चैते धान खेती विस्तार कार्यक्रमअन्तर्गत कैलालीमा चैते धान खेती हुँदैछ । धान खेती भजनी, टीकापुर, घोडाघोडी नगरपालिका, कैलारी, जोशीपुर, जानकी र बर्दगोरिया गाउँपालिकामा गरिँदैछ। जसमध्ये वर्खामा डुबान हुने क्षेत्रमा धेरै क्षेत्रफलमा चैते धान खेती भइरहेको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत रामनारायण चौधरीले बताए ।_

"बाढीले डुबान हुने क्षेत्रलाई चैते धानमा बढी प्रोत्साहन गर्ने गरिएको छ", उनले भने, "भजनी कैलालीको सबैभन्दा बढी चैते धान लगाउने पालिका हो । भजनीसहित केही पालिकामा बर्ऱ्सातमा बाढीले जलमग्न हुने भएकाले चैते धान विकल्पका रुपमा गर्ने गरिएको छ।"

यस्तै सङ्घीय सरकारको सहयोगमा धान खेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानको आवेदन सङ्कलनको काम भइरहेको कृषि ज्ञान केन्द्र कैलालीले जनाएको छ । स्थानीय तहहरूले किसानको मागका आधारमा चैते धान खेती कार्यक्रम सञ्चालन गरेका छन् भने रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषितर्फले चैते धान खेतीका लागि किसानसँग आवेदन माग गरेका छ ।

जसअनुसार अहिले टीकापुर क्षेत्रमा चैते धान खेती सहयोगका कार्यक्रम रहेका आयोजनाका बाली विकास अधिकृत जयबहादुर महतराले बताए ।

"सिँचाइ आयोजना कृषितर्फले हरेक वर्ष धान खेती प्रोत्साहनमा सघाउँदै आएको छ। यस वर्ष चैते धानका लागि पनि किसानलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रम छन", उनले भने , "अहिलेसम्म दुई हेक्टरलाई माग आएको छ। धान खेतीका लागि किसानलाई बीउ, मल, प्राविधिक ज्ञान, उपकरणजस्ता कुरामा आयोजनाले सहयोग गर्ने गरेको छ ।"आयोजनाले किसानलाई चैते धान खेतीको लागि बीउ तथा यान्त्रीकरणमा ५० प्रतिशत अनुदान दिएको छ । सिँचाइ सुविधा सहज भएको ठाउँमा चैते धान खेतीको उत्पादन प्रतिहेक्टर ६० क्विन्टलसम्म रहेको प्राविधिक बताउँछन् ।

चैते धान खेतीले खाद्यान्न उत्पादनसँगै बाह्यबाट आउने चामल आयात प्रतिस्थापन गर्नमा सहयोग पुऱ्याउने बाली विकास अधिकृत रामनारायण चौधरीले बताउनुभयो ।

चैते धानको उत्पादनसँगै बजार सहज भएकाले पछिल्ला वर्षमा चैते धान खेती गर्ने किसान बढ्दै गएका छन् ।रासस

# होटल व्यवसायमा लगानी बढ्यो

खजुरा, २७ फागुन
पश्चिम नेपालको आर्थिक केन्द्र मानिएको बाँकेको नेपालगञ्ज ' होटल हव'को रुपमा विकास हुँदैछ । नेपालगञ्जबाट हुम्ला सिमिकोट हुँदै तिब्बतको मानसरोबर पुग्ने छोटो बाटो भएका कारण खासगरी भारतीय पर्यटक बढ्न थालेसँगै यहाँ होटल व्यवसायमा लगानी बढेको हो। व्यवसायीका अनुसार बाँकेको नेपालगञ्ज र कोहलपुर क्षेत्रमा होटल व्यवसायमा रु १२ अर्बभन्दा बढी लगानी भएको छ।

यसअघि सञ्चालनमा आएका होटललाई पनि स्तरोन्नति गरेर लगानी बढाउने क्रम जारी छ । होटल व्यवसायी सङ्घका अनुसार जिल्लाभरि साना ठूला होटलमा पाँच हजार कोठा छन् भने एकै पटक १० हजार जनासम्मलाई राख्न सकिने क्षमता छ । साना होटलसँगै जिल्लामा ठूलो लगानीमा तारे होटल खोल्ने क्रम बढेको छ । लुम्बिनी प्रदेशमा तीन होटलले पाँचतारेको मान्यता पाउँदा बाँकेमा दुई वटा पाँचतारे होटल खुलिसकेका छन् । चारतारे दुई, बाँकी तिनतारे र अन्य सुविधासम्पन्न पर्यटकस्तरीय होटल छन् ।

मानसरोवर मात्र नभएर नेपालगञ्जदेखि हुम्ला, डोल्पा, खप्तड, रारामा पदयात्रा सुरु भएपछि तेस्रो मुलुकका पर्यटक पनि आउन थालेका व्यवसायी बताउँछन् । होटल बढ्दै जाँदा व्यवसायी होटल स्तरोन्नतिका साथै थप सेवा विस्तारमा लागेको सिद्धार्थ विजनेस ग्रुप अफ हस्पिटालिटीका प्रबन्धक केशव न्यौपानेले बताए । आफूहरूले पनि दुई हजार जना अट्ने नेपालगञ्जकै सबैभन्दा ठूलो हल बनाइसकेको उहाँले जानकारी दिए । नेपालगञ्ज र कोहलपुर बजारको दृश्यावलोकन गर्न मिल्ने होटलको आठ तलमाथि रुफटप रेस्टुराँ सञ्चालन गरिरहेको उनको भनाइ छ । होटलमा व्यवसायीको लगानी बढे पनि सरकारका तर्फबाट लगानी सुरक्षाको वातावरण नभएको भन्दै उनीहरू चिन्तित



छन् । सरकारले पर्यटनतर्फ आकर्षण गर्ने कार्यक्रम घोषणा गरेअनुसारको कुनै गतिविधि नभएकाले पर्यटक बढ्नेमा खासै आशावादी नरहेको कोहलपुर स्थित होटल सेन्ट्रल प्लाजाका प्रबन्धक देवानन्द अर्यालले बताउनुभयो । उनका अनुसार पश्चिममा थुप्रै पर्यटन सम्भावना रहेकाले विकासका लागि सरकारको ध्यान जानुपर्ने देखिन्छ । बाँकेमा पर्यटन व्यवसायको ठूलो सम्भावना छ । यहाँका पर्यटकीयस्थलको उचित संरक्षण सम्बर्द्धन हुनसकेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको आकर्षणको केन्द्र बन्न सक्छ । पश्चिम नेपालकै प्रसिद्ध धार्मिकस्थल बागेश्वरी मन्दिर, बाघ संरक्षण गर्ने उद्देश्यले स्थापित बाँके राष्ट्रिय निकुञ्ज, विभिन्न तालतलैया, वाटरपार्क, गाभर उपत्यका होमस्टेमा विभिन्न समुदायका संस्कृति, प्राङ्गारिक कृषि प्रणाली, जैविक पार्कलगायत पर्यटक घुम्नलायक थुप्रै मनमोहक दृश्य छन् । जसको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकियो भने जिल्लाको समृद्धिको आधार तय गर्न पर्यटन क्षेत्रले टेवा दिने देखिन्छ । जिल्लामा धार्मिक पर्यटनको ठूलो सम्भावना छ । यहाँ बागेश्वरी, जङ्गेश्वर महादेव, सङ्कटमोचन हनुमान मन्दिर, जामा मस्जिद, इदगाहा मस्जिद, कर्बला, गुरुद्वारा, सरस्वती मन्दिर, बौद्ध गुम्बाजस्ता विभिन्न धर्म संस्कृतिका आस्थाका केन्द्र रहेको धर्मगुरु बागेश्वरी मन्दिरका मूल महन्त चन्द्रनाथ योगीले बताए । त्यस्तै अन्य पर्यटकीयस्थलमा महेन्द्रपार्क, रानी तलाउ, बोटिङ विहार, वाटरपार्क आदि पर्यटकका गन्तव्यस्थल हुन् । बाँके राष्ट्रिय निकुञ्ज, कोहलपुर गोलपार्क, ढकेरी वनभोज क्षेत्र, सिक्टा पनि पर्यटनको रोजाइमा पर्दछन् । पछिल्लो समय पर्यटक आकर्षित गर्न यहाँ निजी क्षेत्रको लगानी बढ्दै गएको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष नन्दलाल वैश्य बताउछन् । पर्यटक आकर्षित गर्न यहाँका विभिन्न स्थानमा करिब रु डेढ अर्बको लगानीमा तीनवटा वाटरपार्क सञ्चालनमा रहेको छ। नेपालगञ्ज उपमहानगरपालिका-१२ स्थित बाले गाउँमा मानसरोवर एम्युजमेन्ट पार्क एण्ड रिसोर्टले 'नेपालगञ्ज थ्रिलर जोन' वाटर पार्क निर्माण गरेको यसका सञ्चालकले जानकारी दिएका छन्। त्यस्तै राँझा विमानस्थल नजिकै 'वन्डरल्याण्ड वाटर पार्क' निर्माण भएको छ । अर्को कोहलपुरको हवलदारपुरमा मानसरोवर होलिडेइनमार्फत वाटर पार्क र मनोरञ्जन केन्द्र निर्माण भएको छ। रासस

# प्रदेशमा संघीयता पक्षधर भएकाले काम गर्न सजिलो छ : मुख्यमन्त्री यादव

काठमाडौँ, २७ फागुन
मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले निजामती कर्मचारी र प्रहरी समायोजन भएको खण्डमा प्रदेश सरकार पूर्वाधार निर्माणलगायत सबै काम गर्न सक्षम रहेको दाबी गरेका छन् । प्रदेश सरकारको अभ्यास, उपलब्धि र चुनौतीबारे राष्ट्रिय समाचार समिति (रासस) को जिज्ञासामा उहाँले कर्मचारी र प्रहरी समायोजन भएपछि सम्पूर्ण पूर्वाधार निर्माण र सबै विकासका काम गर्न प्रदेश सरकार सक्षम हुने बताए ।



मुख्यमन्त्री यादवले भने , "सबैभन्दा पहिला काम गर्ने जनशक्ति हुनुपर्‍यो । बिना कर्मचारी मन्त्री र मुख्यमन्त्री भएर मात्रै केही गर्न सकिन्न । केन्द्रीय सरकारसँग यही अनुरोध छ, निजामती र प्रहरी समायोजन गरिदिनुस् ।"प्रदेश सरकार पूर्णरुपमा 'फङ्सन'मा आएपछि देशमा विकासको गति धेरै अगाडि बढ्ने उल्लेख गर्दै उनले सङ्घीय सरकारसँग त्यसका लागि निजामती ऐन तुरुन्तै पास गरेर कार्यान्वयनमा ल्याउन सुझाव दिए ।

प्रदेशका पूर्वसभामुखसहित रहेका यादवले भने , "शान्ति सुरक्षा र भ्रष्टाचार न्यूनीकरणका लागि प्रदेश प्रहरी पनि समायोजन गर्नुपर्छ । बिना प्रहरी र प्रशासनको सरकार चल्न सक्दैन ।" तीन तहको सरकारमध्ये सबैभन्दा समस्या प्रदेश सरकारले नै झेल्नुपरेको बताउँदै उनले मुलुक सङ्घीय संरचनामा प्रवेश गरेपछि भौतिक संरचनाको अभावमा प्रदेश सरकार र सभाका नेतृत्वले नै आफूलाई चाहिने कुर्सी र टेबल किनेर कार्यालय सञ्चालन गर्नुपरेको घटना सुनाए ।

मुख्यमन्त्री यादवले भने , "सङ्घ र स्थानीय तहमा पहिले नै संरचना भएकाले कुनै खास चुनौती झेल्नुपरेन, तर प्रदेशमा भने कुनै पनि भौतिक संरचना थिएन । आफूलाई चाहिने सामान आफैँले जोहो गरेर कार्यालय सञ्चालन गर्नुपर्ने परिस्थितिको सामना गरियो ।" एउटा बच्चाले बाह्रखरीबाट आफ्नो पढाइ सुरु गरेजस्तै प्रदेशसभाको जग पनि त्यसरी नै अघि बढेको घटना सुनाउँदै उनले प्रदेशमा कर्मचारीको ठूलो अभाव भएकाले सरकार र जनताले दुःख झेल्न परिरहेको उल्लेख गरे ।

विगतमा प्रदेश सभामुखको जिम्मेवारी आफूले तटस्थ र निष्पक्ष भएर प्रमाणित गरिसकेको बताउँदै उनले त्यसैको परिणाम सात प्रदेशमध्ये सबैभन्दा सहजरुपले मधेस प्रदेशकै सदन नियमित र सहजरुपमा सञ्चालन गर्न सफल भएको जानकारी दिए । मधेस प्रदेशले पाँच वर्षमा ५५ वटा विधेयक मात्र नभई सरकारको वार्षिक बजेटसमेत सर्वसम्मतिले पारित गरेको थियो ।

पूर्वसभामुख यादवले भने , "केन्द्रका दलका नेताको मनमा जे भए पनि मधेस प्रदेशका सबै राजनीतिक दल सङ्घीयताको पक्षधर नै हुनुहुन्छ । त्यसले गर्दा मलाई काम गर्न पनि त्यहाँ सजिलो भएको छ ।" प्रदेशको अभ्याससँगै विकास निर्माण र सेवाको क्षेत्रमा निकै उपलब्धि हासिल भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले विभिन्न ऐन तर्जूमादेखि विश्वविद्यालय स्थापनासम्मका धेरै काम भएको चर्चा गरे ।

यसैबीच, मधेस प्रदेशको समाजिक विकासमन्त्री सुरिताकुमारी साहले विगतमा सङ्घीयतामार्फत विकास र समृद्धिका मुद्दा उठाएर लडेकाले अहिले त्यो अभियानमा क्रियाशील र अग्रसर भइरहेको बताए । उनले भने , "मुलुकमा शासन व्यवस्था बदलीए पनि कर्मचारीको काम गर्ने तरिका परिवर्तन हुन सकेको छैन, सेवाग्राहीमैत्री हुनुपर्नेमा त्यो देखिन्न । उहाँहरुलाई पनि परिवर्तनसँगै सङ्घीयताको भावना र मूल मर्मसँग ढाल्नुपर्छ ।"

सङ्घीयताको भावनाअनुरुप प्रदेशलाई अघि बढाउने सन्दर्भमा कानुनको अभावले काम गर्न असजिलो भइरहेको बताउँदै उनले केन्द्रले समयमा कानुन बनाउन नसक्दा प्रदेशका गतिविधिलाई चलायमान तुल्याउन चुनौती खडा भइरहेको उल्लेख गरे । मन्त्री साहले भने , "प्रदेशको मर्मअनुसार विकास र समृद्धिका काम गरिरहेका छौँ, बिना विकास जनताले निर्वाचनमा एउटै मान्छेलाई दोहोर्‍याएर मतदान गर्दैन, मैले दुई पटक प्रदेशमा चुनाव जितिसकेको छु ।

केन्द्र र स्थानीय तहबाट आवश्यक सहयोग प्राप्त गर्न हामीलाई कठिनाइ भइरहेको छ ।" प्रदेशबाट विकासका काम प्रभावकारीरुपमा अघि बढिरहेको बताउँदै उनले मधेसका जनताले स्वास्थ्य, शिक्षा, सिँचाइ, मलको मागसम्बन्धी मुद्दा उठाउँदै आएको जानकारी दिए ।

रासस

# मेयर जयसवालद्वारा पौष्टिक आहार वितरण



आरके श्रीवास्तव
गरुडा,२७ फागुन
गरुडा नगरपालिकाले पौष्टीक आहार वितरण गरेको छ । शनिवार एक कार्यक्रमका बिच नगर प्रमुख कन्थमनी जयसवालले सामाग्रीहरु वितरण गरेका हुन् । मेयर जयसवालले नगर भरिका गर्भवती महिलाहरुको लागि पौष्टीक आहार वितरण गरेका छन् ।

गर्भवती महिलाहरुबाट जन्मिने बच्चाहरु लुलो, लगंडो,कम तौल भएका, अपाङ्ग जस्ता बालबालिकाहरु नजन्मियोस भन्ने उदेश्यले ती सामाग्रीहरु वितरण गरिएको छ । गर्भवती महिलाहरुको स्वास्थ्यको ख्याल गरी नगर प्रमुख जयसवालले स्वास्थ्य शाखा प्रमुख योगेन्द्र प्रसाद साहलाई हस्तान्तरण गरेका छन् ।

उक्त पौष्टिक आहार नगरका प्रत्येक वार्डको गर्भवती महिलाहरुलाइ स्वास्थ्य चौकि मार्फत वितरण गर्नका लागि उपलब्ध गराइएको नगर प्रमुख जयसवालले बताए । नगर भरि रहेका ९ वटै स्वास्थ्य संस्था मार्फत उक्त सामाग्रीहरु वितरण गरिने मेयर जयसवालले बताए । हस्तान्तरण गरिएको पौष्टीक सामाग्रीहरुमा खिर २ किलो,खिचडी २ किलो,हलुवा २ किलो,दलिया २ किलो रहेका छन् । प्रत्येक महिलालाइ ८ किलोको दर वितरण गरिने गरुडा नगरपालिकाले जनाएको छ ।

प्रदेश सरकार बाट उपलब्ध गराइएको १२ हजार ४ सय किलोग्राम पौष्टीक सामानहरु शनिवार नगरको सबै स्वास्थ्य संस्थाहरुको जिम्मा लगाइएको योजना शाखा प्रमुख रामानन्द सहनीले जानकारी गराए ।

# हुण्डी कारोबार आरोपमा एक पक्राउ

मधेशदृष्टि
विराटनगर, २७ फागुन मोरङ्ग प्रहरीले हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मोरङको विराटनगर महानगरपालिका-१५ सुडी बस्ती बस्ने ३१ वर्षीय धर्मानन्द साह रहेका छन् । चेकजाँचका क्रममा उनलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीको उनको साथबाट नेपाली नगद रु ४ लाख ७५ हजार, विभिन्न बैंकको चेक, एटीएम कार्ड, भौचर र मोबाइल बरामद गरेको छ । पक्राउ परेका उनीमाथि हुण्डीसम्बन्धी कसूरमा ५ दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# गाडी दुर्घटनामा एकको मृत्यु

मधेशदृष्टि
बारा, २७ फागुन । बारामा शनिवार साँझ भएको गाडी दुर्घटनामा एक युवकको मृत्यु भएको छ ।

हुलाकी सडक खण्ड अन्तरगत महागढीमाई नगरपालिका-८ स्थित थलही खोला नजिक नम्बर नखुलेको गाडीले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु भएको हो ।

कलैयाबाट लंगडा चौक तर्फ जाँदै गरेको ना ३७ प ४१४८ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको नम्बर नखुलेको गाडीले ठक्कर दिँदा मोटरसाइकल चालक आदर्श कोतवाल गाउँपालिका-१; जमुनियाका २२ बर्षीय युवक बिकास साहको ज्यान गएको प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले बताएका छन् ।

गम्भीर घाइते भएका साहको गण्डक स्थित एलएस न्युरो अस्पतालमा उपचारको क्रममा ज्यान गएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने गाडीको खोजी भईरहेको प्रहरीले जनाएको छ । मृतक युवक प्रहरी सहायक निरीक्षक लालबाबु साहका छोरा हुन ।

# नि:शुल्क स्वास्थ्य शिविर

मधेशदृष्टि, वीरगंज, २७ फागुन ।
विश्व नारी दिवसको अवसरमा पर्सा चिकित्सक श्रीमती संघ र फोरजी आर सस्थाको संमन्वयमा शनिवार वीरगंज महानगरपालिकाको वडा नम्बर ३० लालपर्सामा निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

सो शिवीरमा ४ सय ७ जना विरामीहरूले आफ्नो स्वास्थ्य परिक्षण गराएका थिए । विषेश गरी उच्च रक्तचाप, मधुमेह, ग्यास्ट्रीक, दात सम्वन्धी रोग, महिला स्वास्थ्य तथा प्रजनन् सम्वन्धी रोग एवम बाल रोग सम्बत्रन्धी विरामीहरुको सहभागिता रहेको थियो । शिवीरमा वरिष्ठ फिजिसियन डा. निरज सिंह, डा. राम किशोर सिंह; बाल रोग बिषेशज्ञ डा. अशोक दास, स्त्री रोग विषेशज्ञ डा. दिप्ती यादव दन्त रोग विषेशज्ञ डा . सोनी झा ठाकुर, डा. प्रेरणा सिंह ले विरामीहरुको स्वास्थय परीक्षण गरेका थिए ।

शिविरमा पर्सा चिकित्सक श्रीमती संघकी अध्यक्ष नीता झा, कोषाध्यक्ष लुना बनर्जि; सह सचिव पिया सिंह, निभा दास र कल्पना भगत लगायतको सहभागिता रहेको संघकी सचिव निशा सिंहले जानकारी दिए ।

# जनमत विद्यार्थी संघका अध्यक्ष नेविसंघमा प्रवेस

मधेशदृष्टि
वीरगंज, २७ फागुन ।
वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसका जनमत विधार्थी संघका इकाई अध्यक्ष शुभम सिंह नेविसंघमा प्रवेश गरेका छन् ।

डा. सिके राउत नेतृत्वको जनमत पार्टीका भातृ संस्था जनमत विधार्थी संघका इकाई अध्यक्ष सिंह, नेपाली काँग्रेसको भातृ संस्था नेविसंघमा प्रवेश गरेका हुन् । शनिवार क्याम्पस परिसरमै आयोजित कार्यक्रममा सिंहलाई काँग्रेसका जिल्ला सहसचिव नवीन सिंहले अबीर टिका लगाएर स्वागत गरे भने नेविसंघ पर्साका सभापति रमेश यादवले सिंहलाई संघको सदस्यता प्रदान गरे । चैत ५ को स्ववियु निर्वाचनको पूर्व सन्ध्यामा जनमत विधार्थी संघका इकाई अध्यक्ष सिंह नै नेविसंघमा प्रवेश गरेपछि ठाकुरराम क्याम्पसमा नेविसंघको पकड झन मजबुत भएको काँग्रेस जिल्ला सहससचिव नवीन सिंहले बताए ।

## रौतहटका युवापुस्तामा ............

अनलाइन रकम दिने गरेकोले बाध्य भएर आफुहरु पनि सोही अनुसार अनलाइन रकम लिन सुरु गरेको व्यवसायीहरु बताउँछन् ।

डिजिटल बैकिङ्गको प्रयोग बढेसँगै बैंकहरुमा पनि भिडभाड कम हुँदै गइरहेको देख्न पाइन्छ । अत्यावश्यक काम बाहेक सर्वसाधारणहरु बैंक धाउन छाडेका छन् । डिजिटल बैकिङ्ग अर्न्तगतको एटिएम, मोवाइल बैकिङ्ग, पोओएस मेसिन, इन्टरनेट बैकिङ्ग , क्युआर कोड लगायतको प्रयोगले बैंकमै नगइकन घरमै बसिबसि काम हुन थालेपछि बैंकमा भिडभाड कम भइरहेको हो । डिजिटल बैकिङ्गको लोकप्रियता बढेसँगै यहाँका बैंकहरु मात्र होइन सहकारीहरुले पनि आफ्ना उपभोक्ताहरुलाई डिजिटल बैकिङ्गको सुविधा दिन थालेका छन् ।

हिजोआज यहाँका अधिकांश साना तथा ठुला पसलहरुमा ग्राहकलाई भुक्तानीको लागि क्युआर कोड राखिएको भेटिन्छन् । ग्राहकहरुले हिजोआज नगदभन्दा क्युआर कोडबाटनै भुक्तानी गर्ने गरेको व्यापारीहरुको अनुभव छ । युवापुस्ताको डिजिटल बैंकिङ प्रणाली पहिलो रोजाईमा पर्दै गएको संकल्प बचत तथा ऋण सहकारी संस्था चन्द्रपुरका अध्यक्ष विभु पोखरेलले बताए ।

डिजिटल बैकिङ्ग लेनदेनको लागि सहज माध्यम बन्न पुगेकोले सर्वसाधारणहरु नगद बोकेर हिड्नुपर्ने झन्झटबाट मुक्ति पाएको चन्द्रपुरका व्यवसायी राजु तिवारीले भने डिजिटल बैकिङ्गले गर्दा नगद बोकेर हिड्नुपर्ने झण्झटबाट सर्वसाधरणले राहत पाएका छन् । यहाँका ठुला पसलहरुमा मात्र नभइ साना तथा घुम्ति पसलहरुमा समेत भुक्तानीको लागि डिजिटल बैकिङ्गको प्रयोग गर्नेको संख्या दिनानुदिन बढिरहेको छ । जिल्लामा सञ्चालित होटल तथा रेष्टुरेन्टहरुमा पनि डिजिटल बैकिङ्गको प्रयोग गरेर भुक्तानी गर्ने ग्राहकहरु बढिरहेका छन् । डिजिटल बैकिङ्गले गर्दा उपभोक्ताहरुले चौबिसै घण्टा बैंकको सुविधा प्रयोग गर्न पाइरहेकाले उपभोक्ताहरु यसको प्रयोगबाट संतुष्ट देखिएको होटल तथा पर्यटन व्यवसायी संघ रौतहटका अध्यक्ष शिवराम राउतले बताए । उनीहरु डिजिटल बैकिङ्गको प्रयोग पछि हरेक कामका लागि बैंक जानुनपर्ने भएपछि समयको बचत भएको बताउँछन् । तर डिजिटल बैकिङ्गको प्रयोगमा देखिने विभिन्न खाले प्राविधक समस्या र बैंकले लिने सेवा शुल्कहरु प्रतिभने सर्वसाधरणहरुको गुनासो छ ।

डिजिटल बैकिङ्गको प्रयोगबाट अझैपनि ठुलो हिस्सा बञ्चित रहिरहेको छ । विशेषगरी ग्रामिण भेगका तथा निरक्षर समुदाय यो सेवा प्रयोग गर्नबाट बञ्चित भएका छन् । त्यसैले बैंक तथा राज्यले सो समुदायलाई पनि वितिय शिक्षाको प्रदान गर्दै डिजिटल बैकिङ्गसँग जोड्नसके थप प्रभावकारी हुने स्थानीय बासिन्दा विनोद गुप्ता बताउँछन् ।

## सभामुखको पद .....................

राजनीनमा दिनुपर्छ यदि दिएन भने दुई तिहाइ बहुमतले महाभियोग लगाएर हटाइनेछ । उनले भने सभामुखले राजीनामा नदिए दुई बहुमत हटाउने गरी गठबन्धनभित्र तयारी भइरहेको छ । दुई तिहाईका लागि ७२ सिट चाहिन्छ तर हाम्रो गठबन्धनसँग ७८ को हाराहारीमा सिट छ, त्यसै अनुरुप महाभियोगको पनि तयारी भइरहेको छ । दश दलको प्रतिनिधित्व रहेको मधेस प्रदेशमा एमालेका २४, नेपाली काँग्रेसका २२, जसपाका १८, जनमत पार्टीका १३, लोसपाका ९, माओवादी केन्द्रका ८, नेकपा एसका ७, नेपाल सङ्घीय समाजवादी पार्टीका १, राप्रपाका १ तथा स्वतन्त्र ४ जना सांसद छन् ।

## मधेश सरकारबाट.......................................

आएका छन् । एमाले मधेस प्रदेशका दलका नेता तथा मधेस प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रीसमेतले केन्द्रमा सरकार परिवर्तन भएपनि मधेश प्रदेशमा कुनै असर त्यसको प्रभाव नपर्ने दाबी गरिरहेका छन् ।

एमालेका सरोजकुमार यादवले भने सरकारबाट बाहिरिने अथवा समर्थन फिर्ता लिने कुनै योजना नरहेको बताउंदै 'हामीले काँग्रेस र माओवादीलाई समर्थन गरेका होइनौँ । त्यसैले, सरकारबाट बाहिरिनु वा समर्थन फिर्ता लिनु आवश्यक छैन भने ।' उनले सरकार परिवर्तनबारे त्यस्तो केही कुरा मुख्यमन्त्री वा आफ्नो पार्टीको केन्द्रिय कमिटीमा नभएको समेत बताए । तर, केन्द्रमा गठबन्धनको निर्णय अनुसार पार्टीबाट आदेश आए त्यसलाई कार्यान्वयन गर्नैपर्छ ।

उनले भने, मेरो प्रयास सबैको सहमतिको सरकार बनाउने हुन्छ । किनकि, मलाई सबैले विश्वासको मत दिएका छन् । केन्द्रीय सत्ता गठबन्धनको निर्णयपश्चात पनि प्रदेशमा एमाले सरकारबाट नबाहिरिए उनीहरूलाई मुख्यमन्त्रीले बर्खास्त गर्नुपर्ने अवस्था सिर्जना हुने देखिन्छ ।

यता नयाँ १० दलीय गठबन्धन भने केन्द्रदेखि प्रदेशसम्मको सत्ता समीकरण परिवर्तनका लागि छलफलमा जुटिसकेको बुझिएको छ । राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएलगत्तै काँग्रेस मधेस प्रदेशका दलका नेता कृष्णा यादवले सत्ता परिवर्तन बारे छलफल भइरहेको बताएका छन् ।

मधेस प्रदेशमा एमालेको चार मन्त्री र एकजना राज्यमन्त्री छन् ।

उनले भने 'एमाले केन्द्रमा सरकारबाट बाहिरिसकेकै छ । अब मधेस प्रदेश सरकार पनि छोडिदिनुपर्ने हो, राष्ट्रपतिको निर्वाचन भइसकेको छ अब उपराष्ट्रपतिको निर्वाचन भए लगतै सबै समीकरण परिवर्तन हुन्छ ।' यादवले भने एमालेलाई आफै नौतिकताको आधारमा सरकारबाट हटिदिनुपर्ने हो, यदि उहाँहरु आफै नबाहिरिए गठबन्धन अनुसार बाहिर गर्नुपर्छ । एमालेलाई सरकार बाहिर गरिएनभने गठबन्धनको कुनै औचित्य हुदैन र एमालेसँगको सरकारमा आफूहरु सहभागी हुनेछैनौं ।

मधेस प्रदेशमा एमालेको चार मन्त्री र एकजना राज्यमन्त्री छन् ।

त्यसै गरी नेकपा माओवादी मधेस प्रदेशका दलका नेता भरतप्रसाद साहले केन्द्रमा भएकै सहमति मधेस प्रदेशमा पनि कार्यान्वयन हुने बताए । केन्द्रले गरेको निर्णय प्रदेशमा लागु हुने दाबी गर्दै प्रदेशमा एमाले बाहेककै सरकार बन्ने उनले दाबी गरे । दलका नेता साहले अन्य प्रदेश जहाँ एमालेको नेतृत्व छ, त्यहाँ सरकार नै फेरिएको छ त्यस आधारमा मधेशमा पनि सरकार पुनर्गठन गर्नुपर्छ बताए ।

लोसपा मधेस प्रदेश दलका नेता अभिराम शर्माका अनुसार मधेस प्रदेश सरकारमा गठबन्धन भित्रको हैसियत अनुसारको भागबण्डासहित सरकारमा लोसपा पनि सहभागी हुन्छ । तर, एमाले सरकारबाट बाहिरिनुपर्ने उनको तर्क छ ।

## उपराष्ट्रपतिमा ४.......................................

गर्ने भनेपनि बालुवाटारमा साझा उम्मेदवार तय गर्न बसेको बैठकमा सहमति जुट्न नसकेपछि सत्ता गठबन्धनबाटै तीन जनाले उम्मेदवारी दर्ता गराएका हुन् । यद्यपि उनीहरुले आइतबार उम्मेदवारको नाम फिर्ता लिने बेलासम्म एक जनामा सहमति खोजेर र दुई जनाको उम्मेदवारी फिर्ता गराइने जनाएको छ । जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले उपराष्ट्रपतिका लागि सत्ताधारी दलहरू विभाजित भएपनि यसमा अझै छलफल हुन बाँकी रहेको छ भने 'गठबन्धनकै निर्णय अनुसार तीनजना उम्मेदवार बनाएको हो, यसमा अझै छलफल गर्न बाँकी नै छ भोलि यसबारे छलफल हुन्छ ।'

### यादव विरुद्ध उजुरी

उपराष्ट्रपतिका उम्मेदवार रामसहायप्रसाद यादवविरुद्ध निर्वाचन अधिकृतको कार्यालयमा नेकपा एमालेले उजुरी दर्ता गराएको छ । एमालेका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवार रहेकी अष्टलक्ष्मी शाक्यका प्रतिनिधि महेश बर्तौलाले उजुरी दर्ता गराएका हुन् ।

उम्मेदवारी दर्ताको कार्यक्रम सकिएपछि निर्वाचन कार्यक्रम तालिका अन्तर्गत उम्मेदवार विरुद्धको दावी विरोधको कार्यक्रम सूरु भएपछि बर्तौलाले यादवको उम्मेदवारी विरुद्ध उजुरी गरेका हुन् ।

उजुरीमा नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था रहेको र राष्ट्रपति पदमा निर्वाचित व्यक्तिभन्दा फरक लिङ्ग वा समुदायको हुनुपर्ने भनिएको छ । राष्ट्रपति पदमा खसआर्य समुदायबाट पुरुष निर्वाचित भइसकेको अवस्थामा उपराष्ट्रपति पदमा खसआर्य समुदायको पुरुषबाहेक मात्र उम्मेदवार हुनसक्छ । यसैले सो पदमा पुरुष उमेदवार हुन सक्दैन उजुरीमा उल्लेख छ ।

### सबैको आ आफ्नै दाबी

जनता समाजवादी पार्टीको तर्फबाट उपराष्ट्रपतिमा उम्मेदवारी दिएकी प्रमिला कुमारी यादवले आफू पार्टीको आधिकारिक उम्मेदवार रहेको भन्दै आफ्नो जित सुनिश्चित रहेको दाबी गरेकी छिन् ।

पार्टीको तर्फबाट दुई जनाको उम्मेदवारी परेको भन्दै आधिकारिक उम्मेदवार को हुने भन्ने प्रसंगमा उनले आइतबार भोलि थाहा हुने जानकारी दिएकी हुन् । उनले भनिन्, 'मेरो उम्मेदवारी जित्नको लागि हो । प्रतिस्पर्धा गर्नुपर्‍यो । आधिकारिक उम्मेदवार भोलि थाहा हुन्छ । मेरो उम्मेदवारी चुनाव सम्मकै लागि गरेको हो । उनले उपराष्ट्रपतिको निर्वाचन आफूले जित्नेमा विश्वास व्यक्त गरिन् ।

यस्तै एमालेबाट उपराष्ट्रपतिकी उम्मेदवार बनेकी अष्टलक्ष्मी शाक्यले लोकतन्त्रलाई सुदृढ बनाउने हो भने सबैले सोच्न जरुरी रहेको बताएकी छन् । पार्टी उपाध्यक्षसमेत रहेकी उम्मेदवार शाक्यले नेकपा एमाले लोकतन्त्रमा विश्वास गर्ने दल भएकाले सबैको सहयोग हुने बताएकी हुन् ।

यता जसपा नेपालबाट उपराष्ट्रपति पदका लागि उम्मेदवारी दर्ता गराएका रामसहाय प्रसाद यादवले दलहरूले पूर्वसहमति अनुसार नै आफूलाई मतदान गर्ने दाबी गरेका छन् । उम्मेदवारी दर्ता गराएपछि यादवले भने, 'उपराष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराउन पाउँदा मलाई खुसी लागेको छ । आउने दिनमा निर्वाचित भइयो भने मुलुकको संविधानको रक्षा गर्ने, पालना गर्ने र राष्ट्रिय एकतालाई अझै मजबुत पार्ने भूमिका खेल्नेछु ।

### झा भ्रष्टाचार आरोपित

जनमत पार्टीको तर्फबाट उपराष्ट्रपतिको उम्मेदवार बनेकी ममता झामाथि ८ वर्ष अघि अख्तियार दुरुपयोग आयोगले मुद्दा लगाएको थियो । साझा प्रकाशनको अध्यक्ष भएको बेला झाविरुद्ध अख्तियारले २०७१ जेठ ४ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । सो मुद्दामा उनलाई ३ लाख ६६ हजार जरिवाना र सजायको माग गरिएको थियो ।

उनीमाथि साझामा माधव प्रसाद थपलियालाई बदनियतपूर्ण तरिकाले अस्थायी कर्मचारीको रूपमा नियुक्ति दिएको आरोप थियो थियो । न्यूनतम शैक्षिक योग्यता बिना नै थपलियालाई नियुक्त गरेर साझा तलब भत्ता लिनेदिने कार्य गरेकोमा अख्तियारले दुवैलाई कसुरदार ठहराएको थियो ।

यस विषयमा सञ्चारकर्मीले प्रश्न गर्दा झाले अदालतमा कुनै मुद्दा नभएको भन्ने छोटो प्रतिक्रिया दिइन् भने जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले यो विषयमा पछि कुरा गर्ने भन्दै संघीय संसद् भवनबाट बाहिरिएका थिए ।

साझा प्रकाशनका एक कर्मचारीले भने 'उहाँले मुद्दा जित्नु भएको कि हार्नु भएको हो, त्यसको जानकारी प्रकाशनलाई आएको छैन । उहाँले विशेष अदालतबाट सफाइ पाइसक्नुभएको भनेर हामीले सुनेका थियौं । तर साझा प्रकाशनलाई त्यसको बारेमा कुनै जानकारी आएको छैन ।'

झाले त्यहाँ कर्मचारी भर्नामा मात्र होइन, अन्य थुप्रै विषयमा अनियमितता गरेको कुरा बाहिर आएको थियो । त्यसको उजुरी अख्तियार दुरुपयोग आयोगमा पनि परेको थियो । अख्तियारले छानबिन गर्ने भन्दै साझा प्रकाशनबाट फाइलहरू उठाएर पनि लगेको थियो । पछि ती सबै फाइल त्यहीँबाट गायब भएपछि कुनै कुरा अघि नबढेको साझा प्रकाशनका निमित्त महाप्रबन्धक होम भट्टराईले बताए ।

झा शाही शासन पक्षधर भएपनि नेपाल सद्भावना पार्टीमा आबद्ध भएर राजनीतिक शुरुवात गरेकी हुन् । उनी नेपाल सद्भावना पार्टीको महिला मञ्चको अध्यक्ष भएको केही दिनमै उनलाई कारबाही गरेर पार्टीबाट निष्कासन गरेको थियो । २०७९ को स्थानीय चुनावअघि उनी जनमत पार्टीमा प्रवेश गरेकी थिइन् । जनमत पार्टीले उनलाई सप्तरी जिल्लाको इन्चार्ज बनाएको थियो । स्थानीय चुनावमा उनले राजविराज नगरपालिकाका लागि मेयरमा उम्मेदवारी दिएकी थिइन् । तर उनले मेयरमा सातौं स्थानमा सीमित भएकी थिइन् ।

# दोस्रो परवानीपुर गोल्डकप सुरु, उद्घाटन खेलमा आयोजक क्लब विजयी



मधेशदृष्टि
वीरगंज,२७ फागुन । कृष्ण फाउन्डेसन दोस्रो परवानीपुर गोल्डकप २०७९ शनिबारदेखि सुरु भएको छ । परवानीपुर युथ क्लब वीरगञ्ज २१ परवानीपुरको आयोजनामा कृष्ण फाउन्डेसन दोस्रो परवानीपुर गोल्डकप प्रतियोगिता सुरु भएको हो । परवानीपुर खेल मैदानमा शनिबारदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिहंले गरेका हुन् । प्रतियोगितामा मधेश प्रदेशका ६ वटा र बागमती प्रदेशका दुई वटा गरी ८ टिमको सहभागी छन् । प्रतियोगिता अन्तर्गत शनिवार भएको उद्घाटन खेलमा आयोजक परवानीपुर युथ क्लब विजयी भएको छ । ट्राइब्रेकरमा बेलखाडी युथ क्लब महोत्तरीलाई ४-३ गोल अन्तरले पराजित गर्दै परवानीपुर विजयी भएको खेलकुद आयोजक क्लबका महासचिव दिपक यादवले जानकारी दिए । खेलको म्यान अफ दि म्याच आयोजक क्लबका जर्सी नम्बर ५ का खेलाडी प्रिन्स तम्राकारले पाएका थिए । उनलाई स्थानीय हबिब मियाँ र संजय मण्डलले संयुक्त रुपमा नगद ५ हजार र ट्रफि प्रदान गरेका थिए । ९० मिनेटको निर्धारित समयमा दुवै टिमले गोल रहित बराबरी भएपछि खेल ट्राइब्रेकरमा धकेलिएको छ । प्रतियोगिता चैत ४ गतेसम्म संचालन हुनेछ । प्रतियोगितामा प्रथम हुनेलाई १ लाख ५० हजार, दोस्रो हुनेलाई ७५ हजार नगद शिल्ड तथा मेडल प्रदान गरिने आयोजक परवानीपुर युथ क्लबले जनाएको छ ।

यसअघि परवानीपुर युथ क्लबका अध्यक्ष अलिअख्तर आलमको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नकेपा एमालेका मधेश प्रदेश कमिटिका सदस्य रामपाल यादव , परवानीपुर गाँउपालिकाका अध्यक्ष रमक्षत्री कुर्मी , वडा नम्बर ३ का वडाअध्यक्ष ईब्राहिम मियाँ , वीरगन्ज महानगरपालिका २१ का वडाअध्यक्ष राधाकृष्णा रौनीयार , वडा नम्बर ३० का वडाअध्यक्ष मनोज यादव , कृष्णा फाउन्डेसनका प्रतिनिधि प्रकाश यादव लगायतकाको सहभागीता रहेको थियो ।

# प्रधानमन्त्री मोदी र अमेरिकी वाणिज्य मन्त्री जीना बीच भेटवार्ता



नयाँ दिल्ली, २७ फागुन,
प्रधानमन्त्री नरेन्द्र मोदीले भारत भ्रमणमा रहेका अमेरिकी वाणिज्य मन्त्री जीना रेमन्डोसँग शुक्रबार भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्रीको कार्यालयले ट्वीटमा उल्लेख गरेको छ "अमेरिकी वाणिज्य मन्त्री रेमन्डोसँगको प्रधानमन्त्री मोदीको भेटवार्ता फलदायी रह्यो।"

रेमन्डोले शुक्रबार केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलसँग पनि प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नु भएको थियो । सो अवसरमा भारत र अमेरिकाबीच विभिन्न विषयमा व्यापारिक वार्ता भएको र थुप्रै समझदारी पत्रमा हस्ताक्षर समेत भएको बताइएको छ ।

संयुक्त विज्ञप्तिमा भनिएको छ - भारत र संयुक्त राज्य अमेरिका दुबैले उनीहरूलाई वस्तु र सेवाहरूको गुणस्तर आपूर्तिकर्ता र उपभोक्ताका रूपम मान्यता दिएका छन्।

अमेरिकाका थुप्रै कम्पनीहरू भारतमा लगानी गर्न इच्छुक रहेको घोषणा गर्दै रेमन्डोले भन्नुभयो "विगत दुई वर्षमा भारतले प्रधानमन्त्री मोदीको नेतृत्वमा गरेका धेरै कार्यहरूले भारतलाई व्यापार गर्न अझ आकर्षक ठाउँ बनाएको छ। थप पारदर्शिता, डिजिटल अर्थतन्त्रमा द्रुत गति, भ्रष्टाचारको विरुद्ध शून्य सहनशीलता, यी सबै कुराहरूले भारतलाई अझ आकर्षक साझेदार बनाउँछ।"

यसैगरी भारत र अमेरिकाले सेमिकन्डक्टर आपूर्ति शृत्त ला लगायतका व्यापारिक क्षेत्रलाइ बढावा दिन आपसी समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तीन वर्षको अन्तरालपछि आपूर्ति शृत्त ला लचिलोपन र विविधीकरण र नयाँ उदीयमान क्षेत्रहरूमा जोड दिदै रणनीतिक क्षेत्रहरूमा व्यापाक समझदारी विकास भएका छन् ।

पछिल्लो समय भारत-अमेरिका वाणिज्य वार्ता सन् २०१९ फेब्रुअरीमा भएको थियो। त्यसपछि कोछिड-१९ प्रकोप लगायतका कारणले अगाडि बढ्न सकेको थिएन।

यसैगरी भारत-अमेरिकी सीईओ फोरमसन् २०२२ नोभेम्बरमा भारतीय वाणिज्य र उद्योग मन्त्री र अमेरिकी वाणिज्यमन्त्रीद्वारा भिडियो-कन्फ्रेन्स मार्फत छलफल गरिएको थियो । सो वार्ताले प्रमुख प्राथमिकताका क्षेत्रहरूमा आपूर्ति शृत्त ला बढाउने र ऊर्जा सुरक्षा प्रवर्धन गर्ने लगायतका थिए । हरितगृह ग्यास उत्सर्जन, समावेशी डिजिटल व्यापारको विकास र विशेष गरी साना व्यवसायहरूको लागि, महामारी पछिको आर्थिक पुनःउत्थानका निम्ति सहजीकरण गर्ने विषय पनि दुवै देशका प्राथमिकतामा परेका छन् ।

दुई देशद्वारा जारी समझदारीपत्रले अमेरिकाको चिप्स र विज्ञान ऐन र भारतको सेमिकन्डक्टर मिसनलाई ध्यानमा राख्दै अर्धचालक आपूर्ति शृखंलाको वृद्धि र विविधीकरणमा दुई सरकारहरू बीच एक सहयोगात्मक संयन्त्र स्थापना गर्न खोजिएको उल्लेख गरेको छ। यसैगरी समझदारीमा दुई देश बीच पारस्परिक रूपमा अनुसन्धान कार्य सञ्चालन गर्दै प्रतिभा र सीपको विकासमा फड्को मार्ने परिकल्पना गरिएको छ । (रासस-एएनआई)

# यमनका युद्धरत प्रतिद्वन्द्वीबीच जेनेभामा कैदी आदानप्रदानका लागि छलफल सुरू

जेनेभा, २७ फागुन
यमन सरकार र इरान समर्थित हुथी विद्रोहीका प्रतिनिधिबीच शनिबार जेनेभामा कैदी आदानप्रदानका लागि वार्ता सुरु भएको छ । संयुक्त राष्ट्रसङ्घले दुवै पक्षलाई 'गम्भीर' छलफलमा संलग्न हुन आग्रह गरेको छ ।वर्षौंदेखिको गृहयुद्धका बीच बन्द कोठामा हुने वार्ताको नयाँ चरणको काम संयुक्त राष्ट्रसङ्घ र रेडक्रसको अन्तर्राष्ट्रिय समितिले गरिरहेको छ ।

यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रुन्डबर्गले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मलाई विश्वास छ, दुवै पक्ष धेरैभन्दा धेरै बन्दीलाई रिहा गर्ने विषयमा गम्भीर र आगामी छलफलका लागि तयार छन् ।

"पाँच वर्षअघि स्टकहोममा भएको कैदी आदानप्रदानसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने उद्देश्यले ११ दिनसम्म चल्ने भनिएको यो वार्ता सातौँ बैठक भएको संयुक्त



राष्ट्रसङ्घले जनाएको छ ।

उक्त सम्झौताअन्तर्गत दुवै पक्ष यमनको करिब एक दशक लामो द्वन्द्वका क्रममा 'कुनै अपवाद वा शर्तबिना' थुनामा रहेका सबै कैदी, बन्दी, बेपत्ता व्यक्ति, स्वेच्छाचारी रूपमा हिरासतमा राखिएका र बलजफ्ती बेपत्ता पारिएका व्यक्ति र नजरबन्दमा रहेकाहरूलाई रिहा गर्न सहमत भएका थिए ।

आइसिआरसीले एएफपीलाई दिएको जानकारीमा ग्रुन्डबर्गको कार्यालयको मध्यस्थतामा विगतमा भएका बैठकका कारण दुवै पक्षका कैदीहरूलाई रिहा गरिएको उल्लेख गरेको छ ।

"सन् २०२० मा एक हजार ५० भन्दा बढी बन्दीहरूलाई रिहा गरिएको थियो र दुवै पक्षबीच भएको सहमतिअनुसार उनीहरूलाई मूल क्षेत्र वा गृह देशमा यातायातको व्यवस्था गरिएको थियो," विज्ञप्तिमा भनिएको छ ।

हुथी विद्रोहीसमूहले १६ साउदी र तीन सुडानी नागरिकसहित ८२३ सरकार समर्थित लडाकुको बदलामा एक हजार ४०० विद्रोहीलाई रिहा गर्ने गरी कैदी साटासाट गर्न सहमत भएको करिब एक वर्षपछि पछिल्लो बैठक हुन लागेको हो ।युद्धरत पक्षहरूले यो बीचमा जोर्डनको राजधानी अम्मानमा शृखंलाबद्ध वार्ता गरेका छन्, जसबाट कुनै प्रगति भएको छैन । (रासस/सिन्ह्वा)

# इरान-साउदी अरेबिया सम्बन्ध पुनः शुरु गर्ने सम्झौताको प्रशंसा



संयुक्त राष्ट्रसङ्घ, २७ फागुन
संयुक्त राष्ट्रसङ्घले शुक्रबार साउदी-इरानबीच कूटनीतिक सम्बन्ध पुनःशुरु गर्ने सम्झौताको स्वागत गरेको छ । साथै यस प्रक्रियामा चीनले खेलेको भूमिकाको प्रशंसा पनि गरेको छ ।

"म महासचिवको तर्फबाट साउदी अरेबिया, इस्लामिक गणतन्त्र इरान र जनवादी गणतन्त्र चीनको संयुक्त त्रिपक्षीय समझदारीलाई स्वागत गर्न चाहन्छु, जसले शनिवार बेइजिङमा इरान र साउदी अरेबियाबीच भएको सम्झौतालाई पुनःशुरु गर्ने घोषणा गरेको छ र दुई महिनाभित्र कूटनीतिक सम्बन्ध पूर्ववत्रुपमा अगाडि बढ्ने छ ।" संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफेन डुजारिकले दैनिक प्रेस ब्रिफिङमा बताएका छन् ।

ओमान र इराकजस्ता अन्य देशले गरेको प्रयासको प्रशंसा गर्दै उनले भने , "महासचिवले हालैको वार्ताको आयोजना गरेकोमा जनवादी गणतन्त्र चीनको प्रशंसा गरेका छन् ।" खाडी क्षेत्रको स्थायित्वका लागि इरान र साउदी अरेबियाबीचको "असल छिमेकी सम्बन्ध"लाई "आवश्यक" भनी वर्णन गर्दै डुजारिकले महासचिव "क्षेत्रीय वार्तालाई अझ अगाडि बढाउन र दिगो शान्ति र सुरक्षा सुनिश्चित गर्न" तयार रहेको बताएका छन् । (रासस/सिन्ह्वा)

# बगरफाँटमा खेल मैदान



गलेश्वर, २७ फागुन
म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका युवाले रु २२ लाखमा खेल मैदान निर्माण गरेका छन् । सदरमुकाम बेनी बजारदेखि १५ मिनेटको दूरीमा रहेको बगरफाँट गाउँका युवाले खेलकुदको माध्यमद्वारा गाउँलाई चिनाउने र समाजलाई सङ्गठित बनाउने उद्देश्यले सो खेल मैदान बनाएका हुन् । युवाकै अगुवाइ र पहलमा बगरफाँटमा ५५ मिटर चौडाइ र सय मिटर लम्बाइको खेल मैदान निर्माण भएको हो । सो खेल मैदानमा आगामी चैत २८ गतेदेखि रु एक लाख पुरस्कार राशिको प्रथम रिभरसाइड सेभेन ए साइड फुटबल प्रतियोगिता २०७९ आयोजना गरिएको रिभरसाइड युवा क्लब बगरफाँटका अध्यक्ष सुनिल थापाले जानकारी दिए ।

विसं २०७५ मा रु पाँच लाख, २०७६ सालमा रु सात लाख र २०७७ सालमा रु १० लाख बजेट बेनी नगरपालिका र प्रदेश सरकारबाट माग गरी खेलकुद मैदान निर्माण गरिएको हो । सोही खेलकुद मैदानलाई अहिले युवाले श्रमदान र देश विदेशमा रहेका व्यक्तिबाट सहयोग उठाइ रु पाँच लाख खर्च गरेर व्यवस्थित बनाएका छन् । चैत २८ गते हुने फुटबल प्रतियोगिताका लागि यहाँका युवा एक महिनाअघिदेखि नै तयारीमा जुटेका छन् । फुटबल प्रतियोगितामा करिब रु आठ लाख खर्च हुनेछ । "मैदानको स्तरोन्नति गर्ने र आर्थिक स्रोत जुटाउने अभियानमा छौँ, सबैतिरबाट सहयोग प्राप्त भइरहेको छ", अध्यक्ष थापाले भने , "खेलकुदको माध्यमद्वारा हामीले समाजलाई सङ्गठित बनाउने र देश विदेशमा चिनाउने लक्ष्य लिएका छौं ।"

"हामीलाई विदेशमा रहनुभएका अग्रज दाइहरु र साथीहरुबाट आवश्यक सहयोग र मार्गदर्शन प्राप्त भइरहेको छ, उहाँहरुको साथ र सहयोगले नै हामीमा केही गरौँ भन्ने भावना विकसित भएको हो", रिभरसाइड युवा क्लबका सल्लाहाकार एवं बगरफाँटका सक्रिय युवा नारायण थापाले बताउनुभयो । बगरफाँट खेलाडीको गाउँ पनि हो । यहाँका युवा जिल्ला र प्रदेशस्तरका विभिन्न खेलकुद प्रतियोगितामा पुरस्कृत र सम्मानित हुँदै आएका छन् । गत माघ दोस्रो साता पोखरामा सम्पन्न दुईवटा फुटसल प्रतियोगितामा यहाँको रिभरसाइड क्लबले प्रथम र द्वितीय स्थान प्राप्त गर्दै रु एक लाख ५० हजार पुरस्कार जितेको थियो ।

अविनास तामाङ प्रेसिडेन्ट दोस्रो केआइसी पोखरा फुटसल टुर्नामेण्टमा रिभरसाइड बगरफाँट युवा क्लबले प्रथम स्थान प्राप्त गर्न सफल भएको थियो ।

पोखरा र पोखरा बाहिरका गरी २२ टिम सहभागी प्रतियोगितामा रिभरसाइड बगरफाँट युवा क्लब प्रथम हुँदै रु एक लाख पुरस्कार प्राप्त गरेको सचिन कार्कीले जानकारी दिए । पोखरास्थित भद्रकाली एफसी पोखराले आयोजना गरेको पहिलो भद्रकाली ओपन फुटसल प्रतियोगितामा द्वितीय स्थान प्राप्त गर्न सफल भएको थियो ।

विभिन्न २४ टिम सहभागी उक्त प्रतियोगितामा दोस्रो भएको क्लबले रु ५० हजार नगदसहित पुरस्कार प्राप्त गरेको हो । जिल्लास्तरमा हुने कुनै पनि प्रतियोगिताबाट रित्तो हात फर्किन नपरेको क्लबका सचिव कार्कीले बताए । पछिल्लो समय बगरफाँटका युवा सङ्गठित भई खेलकुद, सामाजिक र जनचेतनामूलक काममा लागेका छन् । यहाँका युवाले कोरोना कालमा घरघरमा पुगेर औषधि, मास्क, स्यानिटाइजरलगायतका सामग्री वितरण गर्ने काम गरेका थिए ।रासस

# पीएनजीका प्रशिक्षक भन्छन् : यूएईको कमजोरीलाई हतियार बनाउँदा जित्यौं

२७ फागुन, काठमाडौं ।
आईसीसी विश्वकप क्रिकेट लिग टूमा यूएईविरुद्ध लगातार चार खेल जितेको पपुवा न्युगिनी पीएनजीका प्रशिक्षक मार्क कोल्सले यूएईको कमजोरीलाई हतियार बनाउँदा सफलता पाएको बताएका छन् ।यूएईमाथि लगातार चौथो जित हात पार्ने क्रममा शुक्रबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा यूएईलाई ५६ रनले पराजित गरेपछि कोल्सले भने, 'हामीले विपक्षीको कमजोरीको फाइदा उठायौं ।'

लिग टूको अन्तिम शृंखला खेलिरहेको पीएनजीले केही गुमाउने र केही पाउने स्थिति छैन । अंक तालिकाको पुछारमा रहेको उसले अहिलेसम्म ३४ खेल खेलेकोमा जम्मा ५ खेल मात्र जितेको छ । जसमध्ये ४ वटा खेलमा उसले यूएईलाई नै हराएको छ ।

२०२२ को मार्चमा यूएईलाई उसकै भूमिमा हराएको पीएनजीले गत हप्ता यूएईमै भएको शृंखलामा घरेलु टोलीसँगका दुवै खेल जितेको थियो ।'हामीले यूएईलाई सहज लिँदैनौं ।

हामीले यूएईकै लागि भनेर खास योजना बनाउँदैनौं, तर खेलमा हामीले उनीहरुलाई जितिरहेका छौं, यो सकरात्मक पक्ष हो', उनले भने, 'हामीले हाम्रो राम्रो पक्षहरुलाई ध्यानमा राखेर खेलिरहेका छौं । हामीले अझै पनि गल्तीहरु गरिरहेका छौं । धेरै पक्षहरु सुधार्न बाँकी छ ।'

पीएनजीका नियमित ओपनर टोनी उरा खेलअघि घाइते भएका थिए । नेपालसँग सोमबार हुने खेलमा उनले खेल्ने नखेल्ने निश्चित छैन । उनको ठाउँमा यूएईविरुद्ध मिडलअर्डर ब्याटर हिरी हिरीले ओपनरको भूमिकामा खेलेका थिए ।

उनले उक्त भूमिकालाई न्याय गर्दै एकदिवसीयमा आफ्नो उत्कृष्ट अर्धशतक पनि बनाए । प्रशिक्षक भन्छन्, 'हामी सबैठाउँमा सहज भइ(भर्सटाइल) खेलिरहेका छौं । हिरी हिरीले अन्तिम समयमा त्यो जिम्मेवारी पाएका थिए । उनले उत्कृष्ट इनिङसका खेले ।'

पीएनजीले ३० ओभरसम्म निकै संयमित हुँदै राम्रो ब्याटिङ गरे पनि पछिल्ला क्रममा ब्याट्सम्यानले रन बनाउन सकेका थिएनन् । प्रशिक्षक कोल्स भन्छन्, 'यूएईको स्पिन राम्रो थियो ।

जसका कारण हामीलाई ३० ओभरपछि गाह्रो भयो ।'तर पनि खेल जितेकोमा प्रशिक्षक कोल्स खुसी छन् ।

# क्याम्पसमा आगजनी गर्नेलाई कारवाही गर्न नेविसंघको माग

मधेशदृष्टि
वीरगन्ज, २७ फागुन ।
नेपाल विद्यार्थी संघले वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा शुक्रबार गरिएको आगजनीको घटनामा संलग्नहरुलाई पक्राउ गरि कारबाही गर्न माग गरेको छ।
नेविसंघले शनिवार ठाकुर राम क्याम्पस परिसरमा आयोजना गरेको पत्रकार सम्मेलनमा शुक्रबार क्याम्पसको विधार्थी कल्याण तथा खेलकुद शाखामा गरिएको आजगजनीमा संलग्नहरुलाई पक्राउ गरि कारबाही गर्न माग गरेको हो । नेविसंघले स्ववियु निर्वाचनका लागि निर्वाचन समितिले प्रकाशन गरेको मतदाता नामावलीमा करिब १ हजार फर्जि विधार्थीको नाम पनि समावेश गरिएकाले त्यसको छानबिन गरि चैत ५ को निर्धारित मितिमै निर्वाचन गर्न पनि क्याम्पस प्रशासनसंग माग गरेको छ।
स्ववियू निर्वाचनका लागि नेपाली काँग्रेस पर्साले गठन गरेको नेविसंघ समन्वय समितिका संयोजक नवीन सिंहले शुक्रबार क्याम्पसमा गरिएको आगजनीको घटनामा नेविसंघको कुनै संलग्नता नरहेको पत्रकार सम्मेलनमा प्रष्ट पारेका थिए।



उनले आगजनीमा संलग्न ३ जना विधार्थीलाई प्रहरीले शुक्रबार पक्राउ गरेको भएपनि बिना कारबाही छाडेको प्रति आपत्ति जनाउदै पक्राउ परेकाहरु अन्य संगठनका विधार्थीहरु रहेको बताए । प्रहरीले उक्त घटनामा संलग्न रहेको आरोपमा शुक्रबार दिउँसो नेकपा एकिकृत समाजवादी निकटको अनेर ास्ववियुका नेता सुजित गीरी ,नेकपा एमाले निकट नेपाल खेलकुद महासंघ ठाकुर राम क्याम्पस ईन्चार्ज मनिष चौहान र अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थी नेता शिवम साहलाई नियन्त्रणमा लिएर शुक्रबार नै साँझ रिहा गरिसकेको छ।
पत्रकार सम्मेलनमा नेपाली काँग्रेसका जिल्ला सहसचिव समेत रहेका सिंहले आगजनीको घटनामा संलग्नहरुलाई तत्काल पक्राउ गरि कारबाही नगरे र स्थगति निर्वाचन प्रकृया पुन सुचारु नगरिए नेविसंघ आन्दोलनमा उत्रिने चेतावनी दिए । क्याम्पसमा जनाधार नै नभएका विधार्थी संगठनहरुले चैत ५ को स्ववियु निर्वाचन भाड्न शुक्रबार क्याम्पसमा आगजनी गरेको पत्रकार सम्मेलनमा नेविसंघ पर्साका अध्यक्ष रमेश यादवले बताए । निर्वाचन समितिले फागुन २१ मा प्रकाशन गरेको मतदाता नामावलीको विषयलाई लिएर भएको विवादका क्रममा विधार्थीहरुले शुक्रबार क्याम्पसको विधार्थी कल्याण तथा खेलकुद शाखामा आजगनी गरेका थिए। पत्रकार सम्मेलनमा नेविसंघका क्याम्पस इकाइ सभापति मनोज कुमार साह, नेपाल तरुण दलका जिल्ला सभापति विकास तिवारी, नेपाल प्रेस युनियनका जिल्ला अध्यक्ष रामनारायण कुर्मी, नेविसंघका नेताहरु मुनराज तिवारी, विकास मण्डल, शेष हजरा, धर्मराज यादव, रोशन सिंह लगायतको सहभागिता रहेको थियो।

# सडक बत्ती वापत पाँच वटा पालिकाको नाममा साढे सात करोड बक्यौता

विकास अग्रवाल
रौतहट, २७ फागुन । विभिन्न नगरपालिकाहरुले सडक बत्ती प्रयोग गरे वापत करोडौ रकम बक्यौता रहेको नेपाल विद्युत प्राधिकरण चन्द्रपुर शाखाले जनाएको छ । विगत लामो समयदेखि नगरपालिकाहरुले सडक बत्ती प्रयोग गरे वापत प्राधिकरणलाई रकम बुझाउन सकेको छैन् ।
नेपाल विद्युत प्राधिकरण चन्द्रपुर शाखा अर्न्तगत रहेको पाँच वटा नगरपालिकाहरुले विगत लामो समय देखि सडक बत्ती प्रयोग गरे वापतको विद्युत महशुल बक्यौता रहेको हो । सडक बत्ती प्रयोग गरी बक्यौता रहेको महशुल मध्यै सबैभन्दा बढी चन्द्रपुर नगरपालिकाको रहेको छ।
चन्द्रपुर, गुजरा, वृन्दावन, गरुडा र फतुवा विजयपुर नगरपालिकाको नाममा सडक बत्ती प्रयोग गरेवापत हालसम्म साढे सात करोड रुपैया बक्यौता रहेको नेपाल विद्युत प्राधिकरण चन्द्रपुर शाखाका प्रमुख धिरेन्द्र यादबले बताए । सडक बत्ती प्रयोग गरी महशुल नतिर्नेमा सबैभन्दा बढी चन्द्रपुर नगरपालिकाको १ करोड ९१ लाख ५५ हजार ७६ रुपैया बक्यौता देखिएको कार्यालय प्रमुख यादबले जानकारी दिए।
यसैगरी गुजरा नगरपालिकाको १ करोड ८७ लाख २३ हजार ६८६ रुपैया, बृन्दावन नगरपालिकाको १ करोड ३० लाख २ ९ हजार ८३० रुपैया,गरुडा नगरपालिकाको ७१ लख २२ हजार ३७१ रुपैया र फतुवा बिजयपुर नगरपालिकाको ८ लाख १५ हजार ९५८ रुपैया गरी जम्मा ५ करोड ९६ लाख ४६ हजार ९२२ रुपैया सावा बाकी रहेको प्रमुख यादबले जानकारी दिएका छन । पाच पालिकाको सो रकमको २५ प्रतिशत हर्जाना सहित जम्मा ७ करोड ४५ लाख ५८ हजार ६५२ रुपैया बक्यौता देखिएको बितरण प्रमुख यादबले बताए । सडक बत्तिको मात्रै सो रकम बक्यौतामा देखिएको उनको भनाइ रहेको छ।
महशुल बुझाउन पटक पटक आग्रह गर्दा समेत पालिका प्रमुखले बेबास्ता गर्दै आएकोले बाध्य भएर पत्र काट्ने तथा विद्युत लाइन काट्ने सम्मको कारबाही गर्ने प्रमुख यादवले चेतावनी दिए । यता सडक बती को महसुल बक्यौता तिर्न भन्दै नेपाल विद्युत प्राधिकरणले देशभरका स्थानिय तह लाई सुचना जारी गरेको छ । नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल वक्यौतामा ठूलो हिस्सा सडक बत्तीको रहेको छ । स्थानीय निकायले बिद्युत प्राधिकरणको सहमति नलिई आफूखुसी सडक बत्ती जडान



गर्ने क्रम बढ्दो रहेको र सडक बत्तीको विद्युत शक्ति मापन हुन नसक्दा र मापन गरिएको विद्युत खपतको समेत महसुल भुक्तानी नहुँदा प्रधिकरणले ठूलो नोक्सानी व्यहोर्नुपरेको जनाएको छ । दोस्रो स्थानीय निर्वाचन २०७९ पछि देशभरीका नगरपालिका र गाउँपालिका निकायले नेपाल विद्युत प्राधिकरणको ऐन विपरीत हकिंग गरि सडक बत्ती जडान गर्ने होडबाजी बढ्दै गएको र उक्त बत्तीको विद्युत शक्ति मापन हुन नसक्दा साथै मापन गरिएको विद्युत खपतको समेत महसुल भुक्तानी बुझाउन बाकीले प्राधिकरणले अत्याधिक मात्रामा नोक्सानी व्यहोर्नुपर्ने अवस्था आएकोले महानगरपालिका, उप महानगरपालिका ,नगरपालिका गाउँपालिका र वडा कार्यालयहरूमा अत्यन्त जरुरी सूचना जारी गरेको छ।

# वन क्षेत्रको बिरुवा अतिक्रमणकारीहरुद्वारा नष्ट





मधेशदृष्टि
वीरगंज, २७ फागुन।
कोल्हवी नगरपालिका वडा नं ५ स्थित रामवनको राष्ट्रिय वन क्षेत्रमा लगाइएको बिरुवा अतिक्रमणकारीहरूले नष्ट गरेका छन् ।
डिभिजन वन कार्यालय बाराले २ वर्षअघि तार बारसहित वृक्षारोपण गरेर हुर्काएका बिरुवाहरू केही अतिक्रमणकारीले नष्ट गरेका हुन् । राष्ट्रिय वन क्षेत्रभित्रको करिब ५ हेक्टर खाली भूभागमा केही शङ्कास्पद भूमाफियाहरुले वनको जग्गा अतिक्रमण गर्ने र सुकुम्वासी आयोगबाट पुर्जा लिने नियतले यसो गरेको हुनसक्ने वन कार्यालयले जनाएको छ।
बिरुवा कसले नष्ट गरेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जनाइएको छ । फागुन २३ गते मङ्गलवार फागु पूर्णिमाको राति होली मनाउँदै गरेको अवस्थामा केही व्यक्तिले वन रक्षक र कर्मचारी नभएको मौका छोपेर हुर्किसकेका बिरुवा काटेको, पोल भाँचेको, तरबार भत्काएको डिभिजन वन कार्यालयका सहायक वन अधिकृत जवाहरलाल कुर्मीले बताए । २ वर्षअघि तत्कालीन डिभिजन वन अधिकृत मन्जुर अहमदको कार्यकालमा सो क्षेत्रमा टिक, मसला, कटहर आँपका गरी ९ हजार बिरुवा लगाइएको थियो । सो क्षेत्रमा वृक्षारोपण गर्नका लागि वन कार्यालयले तार बारसहित करिब १० लाख रुपियाँ खर्च गरेको छ। वन ऐन २०७६ अनुसार वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने वा कुनै प्रकारले नोक्सानी गर्नेलाई प्रति बिरुवा ५ सय रुपियाँ जरिवाना हुने र कसुरको मात्रा हेरी १ वर्ष कैद र २० हजार जरिवाना वा दुवै हुनसक्ने व्यवस्था छ । त्यसै गरी तारवार वा खम्बा उखेल्ने, नोक्सानी गर्ने, सम्पत्ति बिगारे वा चोरी गरेमा बिगो असुल गरी ६ महिनासम्म कैद वा १० हजारसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी प्रावधान रहेको छ । डिभिजन वन कार्यालय बाराले वन ऐन विपरीत काम गर्नेलाई हदैसम्मको कारबाही गर्ने बताएका छन् ।
यसैविच बाराको कोल्हवी नगरपालिका-५ का वडाध्यक्ष पक्राउ परेका छन् । वडाध्यक्ष नन्दकिशोर चौधरीलाई प्रहरीले आज पक्राउ गरेको हो । वडाअध्यक्ष चौधरी विरुद्ध वन ऐन २०७६ अन्तर्गत मुद्दा दर्ता गरिने भएको छ। डिभिजन वन कार्यालय बाराले उनी विरुद्ध वन ऐन अन्तर्गत मुद्दा चलाउने तयारी गरेको हो।
उनलाई शनिबार प्रमुख वन अधिकृत विनोद कुमार सिंहलाई अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको थियो । वन डिभिजन कार्यालयले अतिक्रमण हटाएर वृक्षारोपण गरेको जमिनको विषयमा छलफल भइरहँदा वडाध्यक्ष चौधरीले अपशब्द प्रयोग गरेका थिए । डिभिजन वन कार्यालय बाराले राष्ट्रिय वन क्षेत्रको अतिक्रमण हटाएर गरिएको वृक्षारोपण मास्ने कार्यमा वडा अध्यक्ष चौधरीको समेत संलग्नता देखिएको दावी गरेको छ । फागुन २३ गते उछृंखल प्रवृत्तिका केही व्यक्तिले कोल्हबी-५ को ५.३९ हेक्टर जमिनमा लगाइएको ८ हजार ५ सय ५० वटा विरुवा काट्नुको र त्यसको संरक्षणका लागि गरिएको तारबार समेत भत्काएका थिए। त्यसको नेतृत्व वडा अध्यक्ष चौधरीले नै गरेको दावी वन कार्यालयको छ।

# सुजुकीको 'द ग्राण्ड भिटारा' र "ब्रेजा" सार्वजनिक

मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । चार पांग्रेतर्फ सुजुकी ब्राण्डले नेपालमा लन्च गरेका दुई नयाँ मोडल एसयूभी 'द ग्राण्ड भिटारा' र "ब्रेजा" जनकपुरधाममा सार्वजनिक गरिएको छ।
नेपालका लागि सुजुकी ब्राण्डको चारपांग्रे सवारी साधनको आधिकारिक वितरक तथा सिजि होल्डिङ्स अन्तर्गतको अटोमोटिभ डिभिजन सिजि मोटोकोर्प तथा सिजि एनएक्सटिजेनले नेपालमा ल्याएका ती मोडलका चारपांग्रेलाई शनिवार जनकपुरधाम स्थित अधिकारिक विक्रेता रामजानकी ट्रेडर्सले सार्वजनिक गरेका हुन् । सो सार्वजनिक कार्यक्रममा दुवै गाडीको मूल्य पनि सार्वजनिक गरिएको हो। 'द ग्राण्ड भिटारा' सुजुकीको बहुप्रतिष्ठित मोडेल रहेको र यो नयाँ संस्करणको ग्राण्ड भिटारामा सुजुकीको आफ्नै क्राफ्टेड फ्युचरिज्म डिजाइन ल्याङ्गवेजको प्रयोग गरिएको रामज्ञानकी ट्रेडर्सका सञ्चालक प्रमोद साहले बताए।



उनले यस गाडीमा अरुभन्दा फरक बाहिरी डिजाइन र प्रिमियम इन्टेरियर प्रदान गरिएको बताउँदै सुजुकीको लेजेण्ड्री टेक्नोलोजीले यस एसयूभीको अफ-रोड क्षमता बढाउने दाबीसमेत गरेका छन् ।
यो सेग्मेन्टको एसयूभीमा नभएको थुप्रै नयाँ फिचर्सहरु पनि पाउन सकिने र ग्राण्ड भिटारामा बजारमै पहिलो पटक, अत्याधुनिक र कम इन्धन खपत गर्ने प्रविधियुक्त इन्जिन प्रयोग गरिएको उनले जानकारी समेत उनले दिए । उनले भने, 'पुरानो संस्करणको भिटारा ब्रेजा, नेपालकै सर्वाधिक बिक्रि हुने एसयूभी हो । ब्रेजामा अत्याधुनिक प्रविधिहरू र नेक्स्ट- जेनेरेशनको आराम र सुविधाजनक फिचर्सहरु पाउन सकिनेछ । निकै प्रतिस्पर्धी एसयूभी सेग्मेन्टमा यी दुई एसयूभीले सुजुकीको उपस्थितिलाई अझै मजबुत बनाउने बिश्वास कम्पनीले लिएको उनले बताए। सीजी होल्डिङ्सका कार्यकारी निर्देशक करण चौधरीले पछिलो समय नेपाली बजारमा एसयूभीको माग उच्च रहेको दाबी गरेका छन् । उनले भने, 'यसको एउटा प्रमुख कारण हाम्रो देशमा रहेको फरक फरक ड्राइभिङ कन्डिसन्स हुन जसको लागि एसयूभी उचित हुन्छ । साथै ग्राहकवर्गले आकर्षक डिजाइन, आरामदायी इन्टेरियर, नयाँ नयाँ अटो मोबाइल प्रविधियुक्त सवारी नै रोज्ने गर्दछन्।

# सर्वोच्चको आदेश शान्ति सम्झौता विपरित : सापकोटा

मधेशदृष्टि
जनकपुरधाम, २७ फागुन । नेकपा माओवादी केन्द्रका उपाध्यक्ष अग्नीप्रसाद सापकोटाले सर्वोच्च अदालतले माओवादी केन्द्रका अध्यक्ष विरुद्धको मुद्दामा कारण देखाउ गरेको आदेश विस्तृत शान्ति सम्झौता विपरित रहेको आरोप लगाएका छन् ।
शनिवार जनकपुरधाम स्थित विमानस्थलमा प्रेस सेन्टर नेपाल मधेश प्रदेशद्वारा आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष सापकोटाले २०६३ मा तत्कालिन नेकपा माओवादी र नेपाल सरकारबीच भएको विस्तृत शान्ति सम्झौताको मर्म र भावना अनुसार संक्रमणकालिन अवस्था शान्ति प्रक्रियालाई टुंग्याउनुपर्ने अवस्थामा सर्वोच्चले त्यसमा चलखेल गर्नु गलत रहेको भने । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालमाथि सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेर ०६३ को अन्तरिम संविधान र वर्तमान संविधानको धारा ३०४ मा शान्ति प्रक्रियाको मर्म भावना अनुसार संक्रमणकालिन न्याय प्रक्रिया विपरित जाँदा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनमा गम्भिर असर पर्न सक्ने उनले भने ।
उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउनका लागि नेपाल आमाका छोराछोरीले दिएको बलिदानीबाट देशमा यत्रो ठूलो परिवर्तन आएको छ । जसमा महिलादेखि मधेशीसम्म अवसरविहिन र पिछडिएकाहरुले अवसर पाएका छन् । यस्तो अवस्थामा परिवर्तन विरोधी गतिविधिलाई जनताले प्रतिवाद र प्रतिरोध गर्नेछ समेत बताए ।
संक्रमणकालिन न्याय सँग जोडिएका विधेयक दर्ता गराउनुमा ढिलाई किन भन्ने संचारकर्मीहरुको जिज्ञासामा निवर्तमान सभामुख समेत रहेका सापकोटाले संक्रमणकालिन न्यायसँग जोडिएका विधेयक संसद प्रवेशमा ढिलाई भएको स्वीकार गर्दै यो लम्बिनुका कारण सरकार र राजनीतिक दल रहेको आरोप लगाएका छन् ।
उनले राजनीतिक दलहरुको दाउपेचका कारण संसदमा संक्रमणकालिन न्यायिक अवस्था टुंग्याउनका लागि पास हुनुपर्ने विल विधेयकहरु थन्क्याइएको बताए् । तर अब भने सत्य निरुपण तथा मेलमिलाप आयोग मार्फत नै समाधान खोज्नुपर्ने उनले भने। बेपत्ता पारिएका



व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा दर्ता गर्ने सरकारले निर्णय गरेको थियो । यसअघि अघिल्लो सरकारले समेत सो विधेयक अगाडि बढाएको थियो । तर संघीय संसद्को कार्यकाल समाप्त भएपछि ती विधेयक निस्क्रिय भएका थिए । उनले आफू सभामुख भएकै बेलामा ती दुई विधेयक संसदमा दर्ता गराउन दबाव दिदै आए । तर कसैले चासो लिएन बताए त्यस्तै अर्को प्रसंगमा उपाध्यक्ष सापकोटाले भने, 'राष्ट्रपति निर्वाचनमा जसरी गठबन्धन एक ढिक्का भए, त्यसरी नै उपराष्ट्रपति निर्वाचनमा पनि गहन छलफल गरेर एकढिक्का हुनेछन् ।' उनी जनकपुर विमानस्थल हुदैं सर्लाहीको लालबन्दीमा हुन लागेको एकीकृत अखिल नेपाल शिक्षक संगठन मधेश प्रदेशको अधिवेशनमा सहभागी हुने कार्यक्रम रहेको जनाइएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल